# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १२ | अंक ३५२ | काठमाडौं | मंगलबार, ८ वैशाख २०८३ | Prabhab National Daily | Tuesday, 21 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## व्यवसायी भट्टसँगको साझेदारी खुलेपछि राजीनामाको दबाबमा गृहमन्त्री गुरूङ

### विवादित गृहमन्त्री हटाउन तयार छैन रास्वपा

■ जेबी योञ्जन



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विवादित मन्त्रीलाई पदबाट हटाउन दुईखाले मापदण्ड अपनाएको देखिएको छ । पार्टीमा प्रभावहीन मन्त्रीलाई तत्काल बर्खास्त गर्ने र शक्तिशालीलाई भने जोगाउने मापदण्ड रास्वपामा देखिएको हो ।

श्रीमतीलाई बिमा बोर्डको सदस्यमा पुनःनियुक्ति दिलाएको आरोपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक साहलाई मन्त्रीबाट हटाएको रास्वपाले अझ गम्भीर आरोपको सामना गरिरहेका गृहमन्त्री सुधन गुरुङलाई हटाउने संकेत देखाएको छैन । सोमबार बसेको केन्द्रीय समिति बैठकमा उनीबारे कसैले नबोलेको एक नेताले बताए । सम्पत्ति शुद्धीकरण विभागले छानबिनका लागि पक्राउ गरेका व्यवसायी दीपक भट्टको गृहमन्त्री गुरुङ साझेदार रहेको खुलेपछि विवाद उब्जिएको हो ।

तर, सरकारले कुनै पनि औपचारिक प्रतिक्रिया दिएको छैन भने पार्टीको तर्फबाट पनि आधिकारिक वक्तव्य आएको छैन । गुरुङले सोमबार सामाजिक सञ्जालमार्फत आफ्नो प्रतिरक्षा गर्न खोजेका छन् । सेयर किन्दैमा साझेदार नभइने उनको तर्क छ । सामाजिक सञ्जालमा विवाद भइसकेपछि गुरुङले प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेसँग छलफल गरेको उनको सचिवालयले जनाएको छ । दुवैले यो सामान्य विषय भएकाले राजीनामा गर्नु नपर्ने सुझाव दिएको स्रोतको दाबी छ । स्रोतका अनुसार सभापति लामिछानेले आफूले पनि यस्तो अनेकन विवादहरू झेलेर आएको भन्दै नआत्तिन भनेका थिए ।

जबकि, गत चैत २७ गते तत्कालीन श्रममन्त्री साहलाई सभापति लामिछानेले पार्टीको 'राइट टु रिकल' नीति देखाउँदै सरकारबाट फिर्ता बोलाएका थिए । गृहमन्त्री गुरुङलाई भने पटक-पटक विवादमा तानिँदा पनि उनी मौन छन् । रास्वपाकै एक सांसद भन्छन्, 'विवादमा तानिँदा अस्ति दीपक माननीयलाई जसरी फिर्ता बोलाउनुभयो, उहाँले सुधन माननीयलाई पनि फिर्ता बोलाउनुपर्थ्यो । तर त्यसो गर्नु भएन ।'

- श्रममन्त्री दीपक साह विवादित हुनेबित्तिकै पदमुक्त तर गृहमन्त्री सुधन गुरूङलाई संरक्षण
- विवादित मन्त्रीलाई हटाउने मामिलामा रास्वपामा दुईथरी मापदण्ड भन्दै आलोचना
- पार्टीभित्र र बाहिर गृहमन्त्रीबाट बर्खास्त गर्न दबाब
- सम्पत्ति विवरणमा ऋण नखुलाएका मन्त्री गुरूङले दिए ऋण लिएर सेयर किनेको झूटो प्रस्टीकरण

गृहमन्त्री गुरुङले भने आफ्नो स्पष्टीकरणमा पार्टीले गर्ने हरेक निर्णय पालना गर्ने बताएका छन् । उनले फेसबुकमा लेखेका छन्, 'म यस विषयमा पार्टीले गर्ने हरेक निर्णयको पूर्णरूपमा पालना गर्ने छु र अनुसन्धानमा आवश्यक सहयोग गर्न तयार छु ।'

मन्त्री गुरुङले ऋण लिए सेयर खरिद गरेकोसमेत जिकिर गरेका छन् । तर, सम्पत्ति विवरणमा ऋण उल्लेख नगरिएको हुँदा उनको दाबी थप झूटो सावित भएको छ ।

क्रमशः पृष्ठ २ मा

## दलीय कर्मचारी र विद्यार्थी संगठन हटाउन प्रधानमन्त्रीको निर्देशन

- विश्वविद्यालय र शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरु तत्काल हटाउने निर्णय कुनै पनि हालतमा कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन
- दलीय विद्यार्थी संगठन हटाउन कुनै अवरोध भए सुरक्षा युनिट खटाउने जानकारी
- दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने प्रधानमन्त्रीको भनाइ
- अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने अडान



सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा सोमबार देशभरका विश्वविद्यालयका उपकुलपतिहरूसँगको छलफलमा प्रधानमन्त्री वालेन्द्र शाह । *तस्बिर: रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले विश्वविद्यालय र शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कुनै पनि हालतमा कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिसँग भएको छलफलमा प्रधानमन्त्री शाहले यस्तो निर्देशन दिएका हुन् ।

चैत २० गते शिक्षामन्त्री सस्मित पोखरेलको अगुवाइमा बसेको बैठकमा विश्वविद्यालय समन्वय समितिले विश्वविद्यालय परिसरलाई दलीय प्रभावमुक्त बनाउने निर्णय कार्यान्वयनमा लैजाने निर्णय गरेको थियो । उक्त बैठकले दलीय विद्यार्थी संगठन हटाउन कुनै अवरोध भए सुरक्षा युनिट नै खटाउने निर्णय गरिएको थियो । 'दलीय विद्यार्थी संगठन हटाउने कार्यमा कुनै प्रकारको सुरक्षा चुनौती भएमा सो व्यहोराको जानकारी तत्काल सुरक्षा निकायलाई गराउने । साथै, विश्वविद्यालय परिसरमा अस्थायी/स्थायी प्रकृतिको सुरक्षा युनिट व्यवस्थापन गर्नुपर्ने अवस्था देखिएमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत गृह मन्त्रालयमा अनुरोध गर्ने,' समितिको निर्णयमा भनिएको थियो ।

छलफलका क्रममा उपकुलतिहरूले जेन-जी आन्दोलन र चुनावपछि विद्यार्थीले राजनीतिक गतिविधि सुस्त भएको र यस्ता संगठन हटाउन पहल भइरहेको बताएका थिए । प्रधानमन्त्री शाहले भने शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारेका थिए ।

प्रधानमन्त्री शाहले अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने बताउँदै राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्णरूपमा राजनीतिमा लाग्न सुझाव दिए ।

छलफलका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. थानेश्वर नेपालले विद्यार्थी संगठनहरू हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै सुरक्षाको माग गरे । जवाफमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउँदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

दलीय झण्डामुनि उभिएर राजनीति गर्नु हुँदैन भन्ने यो सरकारको नीति एक दम राम्रो छ । तर ट्रेड युनियन नै रहनुहुन्न भन्ने किसिमको अभिव्यक्तिमा हाम्रो आपत्ति रहन्छ ।

**छत्र कार्की**
अध्यक्ष, त्रिवि कर्मचारी संघ

संविधानप्रदत्त मौलिक हक कसैले खोस्न सक्दैन । पञ्चायतकालमा त विद्यार्थी संगठन बन्द भएको थिएन भने यो सरकारले हामीलाई निषेध गर्न सक्दैन । यो निर्णयको हामी प्रतिवाद गर्छौं ।

**दीपक धामी**
अध्यक्ष, अनेरास्ववियू

विद्यार्थीको संगठित हुने मौलिक अधिकारलाई आपराधीकरण गर्ने प्रयास नेविसंघलाई अस्वीकार्य छ । सरकारको कदमको हामी प्रतिवाद गर्छौं ।

**दुजाङ शेर्पा**
अध्यक्ष, नेविसंघ

### विद्यार्थी संगठनहरूले दिए प्रतिवादमा उत्रने चेतावनी

नयाँ सरकारले विश्वविद्यालयमा विद्यार्थी संगठन निषेध गर्ने निर्देशन जारी गरेसँगै विद्यार्थी संगठनहरू भने आन्दोलत भएका छन् । विद्यार्थी संगठनहरूले विभिन्न क्याम्पसमा सोमबार साँझ राँके जुलुस निकाल्दै सरकारको निर्देशनको विरोध गरेका हुन् ।

नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पाले सरकारले विद्यार्थी संगठन हटाउन गरेको निर्देशनबारे पार्टीको आधिकारिक धारणा माग गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## डेढ महिनापछि खुल्यो खाडीको रोजगारी

### साउदी अरेबिया, युएई, कतार, ओमान, यमन, जोर्डन, टर्की, इजरायल, कुवेत, बहराइन, इराक र लेबनानका लागि नयाँ श्रम स्वीकृति खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायल-अमेरिका र इरानबीच चलेको द्वन्द्वका कारण डेढ महिनाभन्दा बढी समययता बन्द भएको खाडीको रोजगारी खुलेको छ । सरकारले खाडी क्षेत्रसहित पश्चिम एसियाका १२ वटा मुलुकमा सबै प्रकारका श्रम स्वीकृति सोमबारदेखि खुला गरेको हो ।

वैदेशिक रोजगार विभागले सोमबार जारी गरेको सूचनाअनुसार साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन, टर्की, इजरायल, कुवेत, बहराइन, इराक र लेबनानका लागि स्थगन गरिएको नयाँ श्रम स्वीकृति खुला गरिएको छ । अब संस्थागत तथा व्यक्तिगत रूपमा यी मुलुकमा पहिलोपटक रोजगारीमा जान चाहनेले श्रम स्वीकृति पाउने छन् । त्यस क्षेत्रमा जारी युद्ध केही शान्त भएपछि सरकारले पुनः श्रम स्वीकृति भने यसअघि नै खुला गरिसकेको छ ।

विभागका अनुसार सोमबार नै परराष्ट्र मन्त्रालयको सचिवस्तरीय समितिले सबै प्रकारका रोजगारी खुलाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई



पत्राचार गरेको थियो । परराष्ट्रको सिफारिसमा श्रम मन्त्रालयले रोजगारी खुलाउने निर्णय गरेको हो ।

श्रम स्वीकृति खुलेसँगै व्यवसायी र कामदार दुवैलाई राहत मिल्ने अपेक्षा गरिएको छ । इजाजतप्राप्त अधिकांश संस्था (म्यानपावर) खाडीका छ वटा मुलुक र मलेसियाको रोजगारीमा निर्भर छन् । यसबाहेक मौरिसस, साइप्रस, जोर्डन, जापानजस्ता मुलुकमा केही कामदार पठाउने गरेका छन् । नेपाली कामदारहरूको प्रमुख रोजगार गन्तव्य खाडी क्षेत्र द्वन्द्वले प्रभावित हुँदा पछिल्लो महिना (चैत) नेपालबाट एक जना पनि कामदार जान पाएनन् । कामदार पठाउन नपाएपछि व्यवसाय बन्द गर्ने अवस्थामा पुग्न थालेको वैदेशिक रोजगार व्यवसायीहरूले गुनासो गर्दै आएका थिए । नयाँ श्रम स्वीकृति खुलेसँगै पुनः आशा जागेको एक व्यवसायीले बताए ।

यसबीचमा पश्चिम एसियाको रोजगारी बन्द हुँदा भिसा लागेर जान तयार भएका सात हजार ८८८ जना कामदारको रोजगारी गुम्ने अवस्थामा पुगेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारको ध्यानाकर्षण गराएको थियो । श्रम स्वीकृति नवीकरण खुलाउने तर नयाँलाई नखुलाउने निर्णय अव्यावहारिक र श्रमिकको हितमा नभएको संघको दाबी थियो । रोजगारी खुलाउने निर्णयले धेरै श्रमिक आर्थिक भार र रोजगारी गुम्नबाट जोगिएको संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए ।

'सात हजारभन्दा बढी श्रमिकमध्ये थोरैको भिसाको म्याद सक्किसकेको छ । यसको यकीन तथ्यांक निकाल्न बाँकी छ,' उनले प्रभावसँग भने, 'म्याद सकिएकाहरूको पनि केही आर्थिक भार व्यहोर्दा प्रक्रिया अगाडि बढाउन सकिएला । सरकारको यो निर्णयले धेरै कामदारको रोजगारी सुरक्षित भएको छ ।'

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि इरानले खाडी मुलुकहरूमा रहेका अमेरिकी बेस क्याम्पलाई लक्षित आक्रमण तीव्र बनाएको थियो । जसबाट त्यस क्षेत्रमा सुरक्षा संवेदनशीलता बढेको भन्दै सरकारले पश्चिम एसियाका १२ मुलुकमा गत फागुन १७ गते सबै प्रकारका श्रम स्वीकृति स्थगित गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

## पाक्षिक तलब पाउने को-को ?

- पहिलो चरणमा पाक्षिक तलब पाउने निजामती कर्मचारीले मात्रै
- त्यसपछि शिक्षक, सेना, प्रहरीलगायतलाई पाक्षित तलब दिइने
- नगद प्रवाह व्यवस्थापनमा सहजता हुने सरकारको विश्वास



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले १५-१५ दिनमा तलब भुक्तानी गर्ने निर्णय गरेपछि यसको कार्यान्वयन र लाभग्राहीको दायराबारे कर्मचारीवृत्तमै अन्योल देखिएको छ । सरकारको यो नयाँ कदमलाई कर्मचारीमैत्री भनिए पनि क-कसले पाउने ? भन्ने द्विविधा देखिएको हो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वैशाख ४ गते मन्त्रीस्तरीय निर्णय गर्दै पाक्षिक (१५/१५ दिनमा) तलब भुक्तानी गर्ने व्यवस्था लागू गर्न परिपत्र जारी गरिसकेका छन् । तर, व्यावहारिक कार्यान्वयनको स्पष्ट मार्गचित्र सार्वजनिक नभएको भन्दै विभिन्न निकायका कर्मचारीहरू अन्योलमा परेका छन् ।

महालेखा नियन्त्रक कार्यालय स्रोतका अनुसार हाललाई यो व्यवस्था निजामती (राष्ट्रसेवक) कर्मचारीहरूका लागिमात्रै लागू गरिने छ । उनी भन्छन्, 'यो पूर्ण कार्यान्वयनभन्दा पहिले परीक्षणका रूपमा सुरु गरिएको हो । पहिलो चरणमा निजामती कर्मचारीबाटै सुरु गरेर त्यसको प्रभाव हेर्न लागिएको हो ।'

सरकारले निजामती सेवामा तत्कालै पाक्षिक तलब प्रणाली लागू गर्ने तयारी गरेको भए पनि शिक्षक सेवामा भने केही समय लाग्ने देखिएको छ । शिक्षा क्षेत्रसँग सम्बन्धित प्रशासनिक जटिलता र स्थानीय तहको व्यवस्थापन क्षमताका कारण ढिलाइ हुने भएको हो । हाल धेरै स्थानीय तहमा शिक्षकहरूले तीन-चार महिनासम्म तलब कुर्नुपर्ने अवस्था छ । संघीय सरकारले समयमै ससर्त अनुदान पठाए पनि स्थानीय तहको आन्तरिक प्रक्रियागत ढिलाइले समस्या उत्पन्न हुने गरेको छ । त्यसैले सरकारको तलब नीति शिक्षकहरूमा लागू गर्न ढिला हुने भएको बताइएको छ ।

शिक्षकहरूपछि मात्रै सुरक्षा निकायहरूमा तलब भुक्तानीको यो प्रणाली विस्तार गर्ने सरकारको योजना रहेको छ । नेपाली सेना र नेपाल प्रहरीमा क्रमशः लागू गर्ने तयारी भइरहेको सरकारी अधिकारीहरूले जनाएका छन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### दलीय...

उनले सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको र प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई आग्रह गरे ।

यसैगरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनहरू खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए । छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले जेन-जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमश: निस्क्रिय बन्दै गएको जानकारी दिए ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए ।

अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने विश्वास व्यक्त गरे ।

### कर्मचारी संगठन पन्छिँदै

प्रधानमन्त्री शाहले पछिल्लो समय विश्वविद्यालयमा दलीय कर्मचारी संगठन हटाउन निर्देशन दिएसँगै कर्मचारी संगठनहरू त्रसित हुन थालेका छन् । संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. नेपाल आफैं पनि नेपाली कांग्रेसनिकट कर्मचारी संगठनका हुन् । प्रधानमन्त्री शाहको निर्देशनबारे प्रतिक्रिया सोध्दा त्रिभुवन विश्वविद्यालयमा सक्रिय रहेको दलनिकट कर्मचारी संघका पदाधिकारीहरूले प्रतिक्रिया दिन आनाकानी गरे ।

त्रिवि कर्मचारी संघ केन्द्रीय समितिका अध्यक्ष छत्र कार्कीले भने अहिले सरकारबाट लिखितरूपमा केही निर्देशन आइनसकेको बताए । ट्रेड युनियनमा रहन नहुने भनी हकअधिकारका लागि लड्दै आएको साझा संस्थालाई हटाउने विषयमा भने संघको आपत्ति रहेको अध्यक्ष कार्कीले बताए । 'दलीय झण्डामुनि उभिएर राजनीति गर्नु हुँदैन भन्ने यो सरकारको नीति एकदम राम्रो छ । तर ट्रेड युनियन नै रहनुहुन्न भन्ने किसिमको अभिव्यक्तिमा हाम्रो आपत्ति रहन्छ,' अध्यक्ष कार्कीले भने । यस विषयमा विश्वविद्यालय प्रशासनबाट के कस्तो निर्देशन आउँछ, त्यहीअनुसार थप छलफल गरी धारणा बनाउने कार्कीले बताए ।

■■■

### विद्यार्थी संगठनहरू...

'म पार्टी नेतृत्वलाई के भन्न चाहन्छु भने, यही कलम र मसाल अंकित झण्डाको आन्दोलनलाई लिएर आज पार्टीको नेतृत्वमा हुनुहुन्छ । विद्यार्थी आन्दोलनमाथि प्रहार हुँदै गर्दा नेपाली कांग्रेसले तत्काल धारणा सार्वजनिक गरेर सार्वभौम संसद्मा सशक्त ढंगबाट यो विषयलाई उठान गर्न पनि म अनुरोध गर्न चाहन्छु,' शेर्पाले भनेका छन् ।

विद्यार्थीको संगठित हुने मौलिक अधिकारलाई अपराधीकरण गर्ने जुनसुकै प्रयास नेविसंघलाई सर्वथा अस्वीकार्य रहेको उल्लेख गर्दै शेर्पाले सरकारको कदमको प्रतिवाद गर्ने जनाएका छन् । एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियुका अध्यक्ष दीपक धामीले कलेजमा प्रहरीको बुट छिराउने षड्यन्त्र भइरहेको उल्लेख गर्दै यस्तो भए प्रतिवादमा उत्रने चेतावनी दिए । 'संविधानप्रदत्त मौलिक हक कसैले खोस्न सक्दैन । पञ्चायतकालमा त विद्यार्थी संगठन बन्द भएको थिएन भने यो सरकारले हामीलाई निषेध गर्न सक्दैन,' धामीले भने, 'यो निर्णयको हामी प्रतिवाद गर्छौं ।'

■■■

### व्यवसायी...

उनले सोमबार साँझ पुन: अर्को स्टाटस लेख्दै आफूविरुद्ध 'मिडिया ट्रायल' भएको र 'प्रायोजित हल्ला' फिजाएको दाबी गरेका छन् । उनले लेखेका छन्, 'वर्षौंदेखि जसले राष्ट्रको ढुकुटीमा रगत पसिना साटेको पैसामा आँखा गाडेका छन्, उनीहरू आज डराएका छन् । मिडिया ट्रायल र प्रायोजित हल्ला त केवल उनीहरूको छटपटीमात्र हो । कारबाही रोकिँदैन, डगमगाइँदैन । दिनको ५० करोड भ्रष्टाचार गर्नेको पछाडि पनि यत्तिको दु:ख गरेर लागेको देखिनँ ।'

स्रोतको दाबीमा आफ्नो स्पष्टीकरणसँगै यो विवाद साम‌सुम हुने र राजीनामाको माग पनि मत्थर हुने विश्वास गरेका छन् । उनले आफ्ना निकटस्थहरूसँग राजीनामा दिनुपर्ने परिस्थिति नरहेको बताएका छन् । यद्यपि, सामाजिक सञ्जाल सेलाइसकेको छैन । प्रश्न उठ्नासाथ श्रममन्त्रीलाई बर्खास्त गरिएको यसअघिको नजिरले गर्दा पनि सरकारमाथि दबाब बढेको हो ।

तर, सोमबारको बैठकमा रास्वपाभित्र भने तैं चुप मै चुपको अवस्था भएको स्रोतले जनाएको छ । जबकि, उनलाई उक्त बैठकबाट बर्खास्त गर्न प्रधानमन्त्री शाहलाई निर्देशन दिने निर्णय हुने कपितयले अपेक्षा गरेका थिए । तर, स्रोत भन्छ, 'यो विषयलाई छलफलमा ल्याउने चेष्टा सभापतिज्यूको नदेखिएपछि कसैले पनि बोल्न सकेनन् ।'

रास्वपाका नवनियुक्त महामन्त्री भुपदेव शाहले गृहमन्त्री गुरुङमाथि उत्पन्न विवादलाई लिएर पार्टी र सरकारले अध्ययन गरिरहेको बताए । अध्ययन सक्नेबित्तिकै आवश्यक निर्णय लिने उनले बताए । गृहमन्त्रीको विषषमा रास्वपाले के गरिरहेको छ ? भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'पार्टीले अध्ययन गरिरहेको छ, सरकारले पनि अध्ययन गरिरहेको छ । सरकारलाई पार्टीकोतर्फबाट ध्यानाकर्षण गराउने र आवश्यक पहल गर्छौं ।'

रास्वपाका प्रवक्ता मनिष झाले गृहमन्त्री गुरुङको विषयमा पार्टीको बैठकमा कुनै छलफल नभएको बताएका छन् । सोमबार बसेको केन्द्रीय समिति बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सञ्चारमाध्यममा केही कुरा आए पनि एजेण्डामा विषय नभएको बताए ।

गृहमन्त्री गुरुङको सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका विवादास्पद व्यवसायी दीपक भट्टसम्बद्ध कम्पनीमा साझेदारी भेटिएको छ । भदौ २३ र २४ को जेन-जी विद्रोहपछि मन्त्री हुनुभन्दा पाँच दिन अगाडिसम्म करिब ५० दिन अवधिमा उनले ५० लाख रूपैयाँभन्दा बढीको सेयर दोस्रो बजारबाट किनेको भेटिएको थियो । यसबाहेक भट्ट समूहको कम्तीमा दुईवटा लघु बिमा कम्पनीमा गृहमन्त्री गुरूङ थप ५० लाख रूपैयाँको संस्थापक सेयर लगानीकर्ता रहेको प्रमाण बाहिर आएपछि सभापति लामिछानेले गृहमन्त्री गुरूङलाई बोलाएर यसबारे सोधेका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सार्वजनिक गरेको सम्पत्ति विवरणमा गृहमन्त्री गुरूङले आफूसँग भएको सेयर उल्लेख गरेका थिएनन् । यहींबाट शंका उब्जिएको थियो । सभापतिसँगको भेटमा गृहमन्त्री गुरूङले आफूले वैध आयबाटै सेयर खरिद गरेको जानकारी दिएको रास्वपाका एक नेताले बताए । 'गृहमन्त्री गुरूङले आफूले वैध स्रोतबाटै सेयर खरिद गरेको बताउनुभएको थियो । उहाँले बैंकिङ कारोबारको विवरण पनि देखाउनुभएको थियो,' उनले भने ।

गृहमन्त्री गुरूङले आफ्नो तर्फबाट प्रस्टीकरण दिए पनि पार्टी अनुशासन आयोगले यसबारे भित्रीरूपमा अनुसन्धान गरिरहेको बताइएको छ । प्राप्त विवरणअनुसार गृहमन्त्री गुरूङले २०८२ माघ १५ बाट चैत ८ गतेसम्म ५३ लाख ३५ हजार ५८० रूपैयाँको सेयर किनेका थिए । यसबाट जेन-जी विद्रोहको पाँच महिनापछि उनले दोस्रो बजारमा सेयर किन्न थालेको देखिन्छ । फागुन २१ को चुनाव सकेर गृहमन्त्री नियुक्त हुनुभन्दा पाँच दिनअघिसम्म उनी सेयर खरिदमा सक्रिय देखिएका छन् । त्यस्तै, सम्पत्ति शुद्धीकरण अनुसन्धान क्रममा पक्राउ परेका दीपक भट्ट समूहको कम्तीमा दुईवटा लघु बिमा कम्पनीमा पनि गृहमन्त्री गुरूङ ५० लाख रूपैयाँको संस्थापक सेयर लगानीकर्ता रहेको खुलेको छ ।

आफ्नो स्वामित्वमा रहेका यी सेयरहरूका बारेमा गृहमन्त्री गुरूङले सम्पत्ति विवरणमा प्रस्ट नखुलाउँदा उनीमाथि प्रश्न उठेको हो । रास्वपाले करिब दुईतिहाइ बहुमत ल्याएपछि चैत १३ गते प्रधानमन्त्री शाहको नेतृत्वमा सरकार बनेको थियो । गुरूङले गृहमन्त्रीका रूपमा त्यसै दिन शपथ लिएका थिए ।

गृहमन्त्रीका रूपमा सम्पत्ति विवरण सार्वजनिक गर्दा उनले होप होल्डिङ्स प्रालिमा ३० लाख रूपैयाँबराबरको ३० हजार कित्ता सेयर देखाएका छन् भने लगुम प्रिमियम अपार्टमेन्ट्समा ५७ लाख बराबरको ५७ हजार कित्ता सेयर देखाएका छन् । एड्भेञ्चर भिल्ला प्रालिमा ७० लाखको ७० हजार कित्ता सेयर देखाएका छन् । उनले पूर्ण विवरण खुलाएका यी तीनैवटा कम्पनी नेपाल स्टक एक्सचेञ्ज (नेप्से)मा सूचीकृत छैनन् । त्यसबाहेक धितोपत्र बजारमा कारोबार हुने कम्पनीहरूमा दुई करोड ७४ लाख ५६ हजार रूपैयाँबराबरको सेयर रहेको विवरण गुरूङले दिएका छन् । यो भनेको नेप्सेमा सूचीकृत कम्पनीहरूको मूल्य हो ।

गृहमन्त्री गुरूङले धितोपत्र बजारमा कारोबार हुने यी कम्पनी कुन-कुन हुन् भनेर आफ्नो सम्पत्ति विवरणमा भनेका छैनन् । उनले पूर्ण विवरण नखुलाएका सेयरमध्ये ५३ लाख ३५ हजार ५८० रूपैयाँको सेयर दोस्रो बजारबाट किनेका हुन् भने बाँकी दुई करोड २१ लाख २२ हजार ६२० रूपैयाँको सेयर प्राथमिक बजारबाट वा संस्थापक सेयर किनेका हुन् । कम्पनीले साधारण सेयर निष्कासन गर्दा किनेको सेयरलाई प्राथमिक बजारबाट किनेको भनिन्छ । गृहमन्त्री गुरूङको हकमा भने प्राथमिक बजारभन्दा संस्थापक सेयरकै स्वामित्व बढी रहेको पाइएको छ ।

#### राजीनामा दिन दबाब

गृहमन्त्री गुरुङलाई पदबाट बर्खास्त गर्न सर्वत्र माग भएको छ । जेन-जी अगुवादेखि राजनीतिक दलहरूसम्मले पदमा रहँदा अनुसन्धान प्रभावित पार्न सक्ने भन्दै उनलाई छिटो गृहमन्त्रीबाट हटाउन माग भएको हो । नेपाली कांग्रेसले गुरुङमाथि छानबिनको माग गरेको छ । नेपाली कम्युनिस्ट पार्टी, राप्रपा र श्रम संस्कृति पार्टीले पनि छानबिनको माग गरेको हो ।

जेन-जी अगुवाहरू रक्षा बम, उपार्जुन चाम्लिङ, भावना राउतलगायतले प्रश्न उठेपछि आवश्यक अनुसन्धानमा सहयोग पुर्‍याउन राजीनामा अन्तिम विकल्प भएको बताएका छन् ।

■■■

### डेढ महिनापछि...

छुट्टीमा आएका श्रमिकको रोजगारी गुम्ने अवस्थालाई मध्यनजर गर्दै गत चैत ३ गते साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन र टर्की गरी सातवटा मुलुकको पुन: श्रम स्वीकृति खुला गरिएको थियो । त्यस्तै परराष्ट्रको सिफारिसमा गत वैशाख २ गते थप चार मुलुक इजरायल, कुवेत, बहराइन र लेबनानको पुन: श्रम स्वीकृति खुलाइएको थियो । इराकको आधिकारिक भिसा प्राप्त गरेका नेपालीले भने नेपाल आएको बेला श्रम स्वीकृति पाउने व्यवस्था गरिएको छ ।

प्रत्येक वर्ष तीन लाखभन्दा धेरै नेपाली श्रमिक पहिलोपटक पश्चिम एसियाको रोजगारीमा जाने गरेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । परराष्ट्रकाअनुसार पश्चिम एसियाका १६ वटा मुलुकमध्ये १२ वटामा १७ लाख २९ हजारभन्दा बढी नेपाली छन् । युद्धको जोखिमका कारण घर फर्कन चाहेको भन्दै ८७ हजारभन्दा धेरैले मन्त्रालयको पोर्टलमा आफ्नो नाम टिपाएका थिए । तीमध्ये केहीलाई सरकारले उद्धार गरेको थियो ।

■■■

### पाक्षिक तलब...

निजी क्षेत्रका हकमा भने सरकारको यो निर्णय तत्काल बाध्यकारी बनाइएको छैन । बैंकिङ, बिमा तथा उद्योग क्षेत्रले आफ्नै नीतिअनुसार तलब भुक्तानी गर्दै आएका छन् । यद्यपि, सरकारी क्षेत्रमा सफल कार्यान्वयन भए निजी क्षेत्रले पनि यसलाई अनुशरण गर्ने अपेक्षा गरिएको छ ।

पाक्षिक तलब प्रणालीले कर्मचारीहरूको नगद प्रवाह व्यवस्थापनमा सहजता ल्याउने विश्वास गरिएको छ । मासिक तलब पाउँदा खर्च व्यवस्थापनमा समस्या भोगिरहेका कर्मचारीहरूका लागि यो प्रणाली लाभदायक हुने ठानिएको छ । अर्थविद्हरूले पनि पाक्षिक तलब भुक्तानीले नगद प्रवाह भई अर्थतन्त्र चलायमान बनाउन भूमिका खेल्ने बताएका छन् । विकसित मुलुकहरूमा अभ्यासमा रहेको यो प्रणालीले मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## शिक्षालाई व्यावहारिक र प्रविधिमैत्री बनाउन जोड

**धनुषा (प्रस)**– मधेस प्रदेश सरकारकी शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले शिक्षालाई समयानुकूल, व्यावहारिक र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिएकी छन् ।

जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकूपको ११७औं वार्षिकोत्सव समारोहलाई सोमबार सम्बोधन गर्दै मन्त्री तिवारीले गुणस्तरीय शिक्षालेमात्रै समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्ने उल्लेख गर्दै विद्यालयस्तरबाटै अनुशासन, नैतिक शिक्षा र सीपमूलक ज्ञानको विकास गर्नुपर्ने बताइन् ।

उनले मधेस प्रदेश सरकारले शिक्षाको पहुँच विस्तार, छात्रवृत्ति तथा पूर्वाधार विकासमा प्राथमिकता दिएको जानकारी गराइन् ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख चेतकुमार पोखरेलले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक, अभिभावक र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको बताए । उनले सामुदायिक विद्यालयहरूलाई प्रतिस्पर्धी र प्रभावकारी बनाउन सबै पक्षको साझा प्रयास अपरिहार्य रहेको बताए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०७।२९ मा दर्ता भएको प्रा.लि.नं. २२८३१७ को **सल्यानटार डेन्टल क्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०१/०३ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' वमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/०७ मा दर्ता भएको **हिमालय पर्वत प्लान्ट प्रोडक्ट प्राइभेट लिमिटेड** (प्रा.लि.नं.११४२८९) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सच्याइएको सूचना**

यस प्रभाव दैनिकको वर्ष १२ अंक २६० माघ ५ गते २०८२ मा प्रकाशित स्कुटर हराएको सूचनामा तपसिल वमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**सवारी धनी :** निसान मर्हजन
**स्कुटर नं. :** बागमती प्रदेश ०२-०५४प १३१५
**रंग/मोडल :** कालो रातो रंग
**मोडल :** होन्डा कम्पनी को डियो, ११०cc
**ईन्जिन नं. :** JF39ED1098052
**च्यासिस नं :** ME4JF39JKRD074724
**सम्पर्क नं. :** ९८४३३०५५१७/९८६४५९०९७१

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०६/०६ मा दर्ता भएको **ट्राभल कर्पोरेशन इंडिया लिमिटेड** विदेशी कम्पनीको सम्पर्क कार्या (प्रा.लि.नं. २९९८५६) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **२१ दिन** भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**जापानमा रोजगार** कम्पनी : **CHUO KEIYUKAI Cooperative Association**

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340713 | चलानी नं. ६०२५४११५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | | |
| 1 | Care Giver | 4 | 3 | 196500 | १,८४,५१५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धताको सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, ८ वैशाख, २०८२

| | |
|---|---|
| मेष | मन प्रफुल्ल रहनेछ । विश्वासपात्रबाट सहयोग मिल्न सक्छ । |
| वृष | तनावले सताउनेछ । नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ । |
| मिथुन | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| कर्कट | रमाइलो भेटघाट हुनेछ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| सिंह | नयाँ योजनामा काम हुन सक्छ । आलस्य त्याग गर्नु राम्रो हुन्छ । |
| कन्या | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| तुला | सम्मान प्राप्त हुने योग छ । श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| वृश्चिक | स्वास्थ्य गडबड हुन सक्छ । खानपिनमा ध्यान दिनु राम्रो हुन्छ । |
| धनु | दौडधुप बढ्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । |
| मकर | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| कुम्भ | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| मीन | अहंकार बढेर जानेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक


८ वैशाख, २०८२ (२१ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.३९ | १४८.९९ |
| युरो | १ को | १७४.५६ | १७५.२६ |
| पाउन्ड स्टिर्लङ | १ को | २००.५७ | २०१.३८ |
| स्विस फ्रैन्क | १ को | १८९.७९ | १९०.५६ |
| अस्ट्रेलियन डलर | १ को | १०६.३७ | १०६.८० |
| क्यानाडियन डलर | १ को | १०८.३७ | १०८.८० |
| सिङगापुर डलर | १ को | ११६.८३ | ११७.३० |
| जापानी येन | १० को | ९.३५ | ९.३९ |
| चिनियाँ युआन | १ को | २१.७७ | २१.८५ |
| साउदी अरब रियाल | १ को | ३९.५६ | ३९.७२ |
| कतारी रियाल | १ को | ४०.७० | ४०.८६ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४० | ४०.५६ |
| मलेसियन रिङेट | १ को | ३७.५४ | ३७.७० |
| दक्षिण कोरियन वन | १०० को | १०.११ | १०.१६ |
| स्विडिस क्रोनर | १ को | १६.१९ | १६.२६ |
| डेनिस क्रोनर | १ को | २३.३६ | २३.४५ |
| हङकङ डलर | १ को | १८.९५ | १९.०२ |
| कुवेती दिनार | १ को | ४८४.३८ | ४८६.३४ |
| बहराइन दिनार | १ को | ३९३.६१ | ३९५.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'लु' को जोखिम बढ्दै, बच्ने कसरी ?

■ प्रगति ढकाल




**काठमाडौं–** केही दिनयता देशका अधिकांश स्थानमा तापक्रम वृद्धि हुँदा अत्यधिक गर्मी बढेको छ । यससँगै तराईका जिल्लामा तातो हावा (लु) चल्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण छ ।

विभागले सोमबार दिउँसो सार्वजनिक गरेको तथ्यांकअनुसार कपिलवस्तुमा ४१ डिग्री सेल्सियस र बाँकेमा ३९ डिग्री सेल्सियस तापक्रम पुगेको छ । मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र तथा उपत्यका र खोँचहरूमा दिन तातो भएको, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पश्चिमी तराई क्षेत्रमा 'लु' चल्ने सम्भावना रहेको विभागले जनाएको छ । पछिल्लो सूचनामा अद्यावधिक रहन तथा आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

विभागका मौसमविद् सञ्जिव अधिकारीले विशेषगरी तराईका जिल्लामा बुधबारसम्म अत्यधिक गर्मीको अवस्था कायम रहने जानकारी दिए । 'आज (सोमबार)देखि पर्सी बुधबारसम्म विशेषगरी तराई, उपत्यका र खोँच क्षेत्रमा तातो हावाको लहर चल्ने सम्भावना छ,' उनले भने, 'कोशी प्रदेशमा भने बादल देखिएकाले लुको सम्भावना तत्काल कम छ । विशेषगरी लुम्बिनी प्रदेशको पश्चिम क्षेत्र, धनगढीलगायत सुदूरपश्चिमका अन्य तराई जिल्ला, नेपालगञ्ज, धनगढीलगायत स्थानमा लुको सम्भावना बढी छ ।'

सुदूरपश्चिमको दिपायलमा सोमबार दिउँसो तापक्रम करिब ४० डिग्री सेल्सियस पुगेको उल्लेख गर्दै उनले त्यहाँका लागि यो तापक्रम असामान्य भएको बताए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ हाइड्रोलोजिस्ट राजेन्द्र शर्माले जलवायु परिवर्तनसँगै लुजस्ता मौसमी घटना बढ्दै जाने भएकाले समयमै तयारी र सचेतना बढाउन आग्रह गरे । 'लुको प्रभाव न्यूनीकरणका लागि हामीले कार्यविधि बनाएर कार्यान्वयनका लागि सम्बन्धित अन्तरसरकारी निकायमा पठाएका छौं, प्रभावकारी कार्यान्वयनका लागि आवश्यक छलफल पनि गरिरहेका छौं,' उनले भने ।

'समयमै चिसो वातावरण कायम गर्ने, सफा तथा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र बिरामीहरूको विशेष हेरचाह गर्ने उपायहरू अपनाउनुपर्छ,' उनले भने, 'यसैगरी अस्पताल, विद्यालय तथा सार्वजनिक स्थानहरूमा आवश्यक पूर्वसावधानीको व्यवस्था मिलाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ ।'

## स्वास्थ्यमा कस्तो असर पर्छ ?

जनस्वास्थ्यविद् डा. समीर अधिकारीले 'लु' लाग्दा हृदयको गति तीव्र हुने, श्वासप्रश्वास र रक्तचाप घट्ने, टाउको अत्यधिक दुख्ने, आँखा पोल्ने, चक्कर लाग्ने तथा अचेत हुनेजस्ता समस्या देखिन सक्ने बताए । 'लुले दीर्घकालीन असरसमेत पुर्‍याउन सक्छ, मस्तिष्क तथा रक्तप्रणालीमा समस्या गर्न सक्छ,' उनले भने, 'बालबालिका र वृद्ध उमेरका समूहलाई सबैभन्दा बढी असर गर्न सक्छ । पर्याप्त पानी पिउने, शीतल छहारीमा बस्ने, मदिरा तथा धूमपान गर्नु हुँदैन ।'

यसैगरी शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी पुग्ने, छाला सुक्खा, रातो र तातो हुने लक्षण पनि देखिन सक्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले 'लु' चल्दा वा अत्यधिक गर्मीको समयमा बालबालिकाको स्वास्थ्यमा असर पुग्नसक्ने हुँदा उच्च सतर्कता अपनाउन सुझाव दिए ।

विश्व स्वास्थ्य संगठनले गरेको 'नेपालमा तातो हावाको लहरको प्रवृत्ति र यसबाट उत्पन्न स्वास्थ्य जोखिमबारे जनधारणाको अध्ययन'ले जलवायु परिवर्तनका कारण गर्मीजन्य समस्या बढेको निष्कर्ष निकालेको छ । अध्ययनअनुसार जलवायु परिवर्तन, तीव्र सहरीकरण र वायु प्रदूषणका कारण तापक्रम बढ्ने प्रवृत्ति निरन्तर बढेको हो । यसले मानव स्वास्थ्यसँगै अन्य क्षेत्रमा पनि नकारात्मक असर पारिरहेको छ ।

देशभरका ३३ वटा मौसम स्टेसनबाट सन् १९८७ देखि २०१६ सम्मको तथ्यांक विश्लेषण गर्दा गर्मी दिनको संख्या बढ्दै गएको छ । विशेषगरी देशको दक्षिणी भूभागमा गर्मी रातहरू, प्रि-मनसुन तथा मनसुन अवधिमा वर्षा हुने ढाँचामा परिवर्तन आएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । अध्ययनअनुसार बढ्दो तापक्रमसँग जुध्न जनचेतना अभिवृद्धि, स्वास्थ्य सुरक्षा उपायको विस्तार र स्थानीय तहमा अनुकूलन रणनीति सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

## कृषिमा असर, उत्पादन घट्ने जोखिम

अत्यधिक तापक्रम वृद्धिले कृषि र पशुपालन क्षेत्रमा पनि असर गर्न सक्ने जनाइएको छ । कृषिविज्ञ डिल्लीराम शर्माका अनुसार अत्यधिक गर्मी तथा 'लु' का कारण कृषि उत्पादनमा गम्भीर असर पर्न सक्छ । 'लु' का कारण विशेषगरी बालीहरू सुक्न थाल्ने, फूल झर्ने र फलफूल राम्रोसँग नलाग्ने समस्या हुने र यसले किसानलाई आर्थिक नोक्सानी पुर्‍याउन सक्ने उनले बताए ।

'तरकारीमा फूल वा फल लाग्ने बेला लु लागेमा वृद्धि रोकिन्छ, राम्रो उत्पादन हुँदैन,' उनले भने, 'यतिबेला कतिपय स्थानमा मकैमा दाना लाग्न सुरु भइसकेको छ, मकैमा दाना लागे पनि पोटिलो नहुने भएकाले उत्पादनमा कमी आउन सक्छ ।'

प्लास्टिक टनेल (पोलिहाउस) भित्र खेती गर्दा भने जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उनले सुझाव दिए । कृषि तथा पशुपालन क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष असरमा पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाको भनाइ छ । विज्ञहरूले गर्मीको समयमा सिँचाइ व्यवस्थापन सुधार, छायाँ तथा पानीको उचित व्यवस्था, पशु स्वास्थ्यमा ध्यान र जलवायु अनुकूल कृषि अभ्यास अपनाउन सुझाव दिएका छन् ।

## कसरी जोगिने ?

प्राधिकरणले 'लु' बाट जोगिन दिउँसो सकेसम्म घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन, अत्यधिक पसिना आएमा 'जीवनजल' सेवन गर्न सुझाव दिएको छ । बाहिर निस्कनै परे टाउको छोप्ने, छाता प्रयोग गर्ने, चिसो पानीले नुहाउने तथा खेतबारीमा बिहान वा बेलुकामात्र काम गर्न सल्लाह दिएको छ ।

यसका साथै मदिरा सेवन नगर्न, क्याफिनयुक्त पेय पदार्थ (चिया, कफी, सोडा) कम प्रयोग गर्न र चिनी बढी भएको झोल पदार्थ नपिउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आग्रह गरेको छ ।

## के हो लु ?

अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजनाका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर (लु) भनिन्छ । नेपालको संघीय तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा यसलाई 'तातो हावाको लहर' भनेर उल्लेख गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार चैतदेखि भदौ महिनासम्मको अवधिमा तापक्रमका आधारमा तातो दिनहरू छुट्याइन्छन् । अधिकतम तापक्रम विगत ३० वर्षको ९० प्रतिशतभन्दा माथि पुगेमा त्यसलाई तातो दिन भनिन्छ । कार्यविधिमा भनिएको छ, 'जब लगातार तीन वा बढी दिनसम्म तातो दिन रहन्छ भने हल्का तातो लहर, धेरै तातो दिनको अवस्था रहेमा मध्यम तातो लहर र अत्यधिक तातो दिन भइरहे अत्यधिक तातो लहरको रूपमा वर्गीकृत गरिन्छ ।' *रासस*

# 'र्‍यानसमवेयर' आक्रमणबाट जोगिन साइबर सुरक्षा 'एडभाइजरी' जारी

**काठमाडौं–** राष्ट्रिय साइबर सुरक्षा केन्द्रले पछिल्लो समय सूचना प्रविधि प्रणालीमा 'र्‍यानसमवेयर' आक्रमण बढ्दै गएपछि आमनागरिक र संस्थालाई सचेत गराउन साइबर सुरक्षा 'एडभाइजरी' जारी गरेको छ ।

'एडभाइजरी' मा कम्प्युटर, मोबाइल तथा अन्य उपकरणमा हुने सम्भावित जोखिमबारे जानकारी दिँदै आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ । 'र्‍यानसमवेयर' एक प्रकारको हानिकारक सफ्टवेयर हो । यसले प्रयोगकर्ताको कम्प्युटर वा मोबाइलमा रहेका फाइल तथा डेटालाई 'इन्क्रिप्ट' गरी पहुँच अवरुद्ध बनाउँछ । त्यसपछि ती फाइल पुनः खोल्नका लागि आक्रमणकारीले फिरौती (र्‍यान्सम) माग गर्ने गर्दछ ।

यस्तो आक्रमणले प्रयोगकर्ताका महत्त्वपूर्ण डेटा, कागजात र सम्पूर्ण प्रणालीमा पहुँच रोक्न सक्छ । साथै, सरकारी वा निजी संस्थाले प्रदान गर्ने सेवा अवरुद्ध हुन सक्छ । संवेदनशील सूचना चोरी वा लिक हुने जोखिम पनि उत्तिकै रहनुका साथै गोपनीयतामा गम्भीर असर पार्न सक्ने जनाइएको छ । डेटा पुनःप्राप्त गर्न फिरौती तिर्नुपर्दा आर्थिक क्षतिसमेत हुने भएकाले सचेत रहन आग्रह गरिएको छ ।

केन्द्रले जारी गरेको एडभाइजरीअनुसार 'र्‍यानसमवेयर' आक्रमण प्रायः शंकास्पद इमेलका 'अटयाचमेन्ट'जस्तै पिडिएफ, वर्ड, जिपलगायत फाइल खोल्दा, नक्कली वेबसाइटका लिंकमा क्लिक गर्दा, असुरक्षित स्रोतबाट फाइल डाउनलोड गर्दा तथा 'पाइरेटेड' वा 'क्र्याक' गरिएको सफ्टवेयर प्रयोग गर्दा हुने गर्दछ । यसैगरी, सिस्टम अपडेट नगर्नु, एन्टिभाइरसको अभाव हुनु र असुरक्षित नेटवर्क वा युएसबीको प्रयोग गर्नु पनि जोखिमका कारण हुनसक्ने केन्द्रले जनाएको छ ।

एडभाइजरीले यस्ता आक्रमणबाट जोगिन उपाय सुझाएको छ । अपरिचित स्रोतबाट आएको इमेलका लिंक वा 'अटयाचमेन्ट' खोल्नुअघि त्यसको विश्वसनीयता सुनिश्चित गर्नुपर्ने, आधिकारिक प्लेटफर्मबाट मात्र सफ्टवेयर डाउनलोड गर्नुपर्ने र पाइरेटेड सफ्टवेयर प्रयोग गर्न नहुने उल्लेख गरिएको छ । साथै, सिस्टम नियमित अपडेट गर्ने, एन्टिभाइरस प्रयोग गर्ने र डेटाको नियमित 'ब्याकअप' राख्न सुझाव दिइएको छ । 'ब्याकअप क्लाउड' र 'अफलाइन' दुवै माध्यममा सुरक्षित राख्न भनिएको छ ।

यस्तै, नेटवर्क सुरक्षा बलियो बनाउन र युएसबी वा अन्य बाह्य उपकरण प्रयोग गर्दा सावधानी अपनाउन पनि आग्रह गरिएको छ । र्‍यानसमवेयर आक्रमण भइहालेमा तुरुन्तै प्रभावित उपकरणलाई इन्टरनेटबाट अलग गर्न, पासवर्ड परिवर्तन गर्न र आक्रमणकारीले मागेको फिरौती नतिर्न सुझाव दिइएको छ । फिरौती तिरे पनि डेटा फिर्ता हुने सुनिश्चित नहुने भएकाले यस्तो कार्यले आक्रमणकारीलाई थप प्रोत्साहन मिल्ने एडभाइजरीमा उल्लेख छ ।

'ब्याकअप'बाट सिस्टम पुनःस्थापना गर्न र घटनाबारे विस्तृत जानकारीसहित नेपाल प्रहरीको साइबर ब्युरो तथा राष्ट्रिय साइबर सुरक्षा केन्द्रमा रिपोर्ट गर्न आग्रह गरिएको छ । साथै, 'र्‍यानसम नोट,' 'स्क्रिन म्यासेज' र 'लग फाइल'जस्ता प्रमाण सुरक्षित राख्न पनि भनिएको छ ।

साइबर सुरक्षासम्बन्धी आधारभूत सावधानी अपनाएमा र्‍यानसमवेयरजस्ता खतराबाट आफ्ना सूचना प्रणाली र डेटा सुरक्षित राख्न सकिने एडभाइजरीमा उल्लेख छ । *रासस*

# सरकारी 'वेबसाइट'मा अपांग पहुँचमैत्री सुविधा

**काठमाडौं (प्रस)–** सूचना प्रविधि विभागले सरकारी 'वेबसाइट'हरूलाई सबै नागरिकका लागि सहज, पहुँचयोग्य र प्रयोगमैत्री बनाउने उद्देश्यले नयाँ वेब पहुँच सुविधा कार्यान्वयनमा ल्याएको छ ।

सरकारी एकीकृत बेवसाइट व्यवस्थापन प्रणाली (जिआइएमडब्लुएस) अन्तर्गत सुरु गरिएको यस कार्यले विशेषगरी अपांगता भएका तथा सहायक प्रविधिमा निर्भर प्रयोगकर्तालाई लक्षित गरेको विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिए ।

विभागका अनुसार अब सरकारी वेबसाइटहरू 'किबोर्ड'को प्रयोगबाट मात्र पनि सहजरूपमा सञ्चालन गर्न सकिने छ । यसअन्तर्गत प्रयोगकर्ताले 'माउस' प्रयोग नगरीकनै वेबसाइटको सम्पूर्ण भागमा पहुँच पाउन सक्ने छन् । साथै, 'स्किप नेभिगेसन' लिंकको व्यवस्था गरिएकाले किबोर्ड तथा 'स्क्रिन रिडर' प्रयोग गर्ने व्यक्तिहरूले सबै नेभिगेसन सामग्री छोडेर सीधै मुख्य विषयवस्तुमा जान सक्ने सुविधा प्राप्त गर्ने छन् ।

वेबसाइटमा राखिएका सबै महत्त्वपूर्ण तस्बिर, लोगो, चिह्न तथा सेवासम्बन्धी तस्बिरहरूमा 'अल्ट टेक्स्ट' राखिएको विभागले जनाएको छ । जसले स्क्रिन रिडर प्रयोगकर्तालाई सामग्री बुझ्न सहज बनाउने छ ।

त्यस्तै, फाराम भर्ने क्रममा आउने त्रुटि सन्देश र सुझावहरू पनि अब सजिलै सुन्न र बुझ्न सकिने गरी तयार पारिएको छ । सर्च, सम्पर्क फारामजस्ता सबै 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र चिह्न राखिएकाले स्क्रिन रिडर प्रयोगकर्तालाई सजिलै प्रयोग गर्न मद्दत पुर्‍याउने विभागले जनाएको छ । त्यस्तै, किबोर्ड प्रयोगकर्ताका लागि वेबसाइटभित्र आफू कुन स्थानमा छु भन्ने कुरा स्पष्ट देखिनेगरी दृश्य संकेतहरू पनि समावेश गरिएको छ ।

यसैगरी, फाराम पेस गरेपछि प्राप्त हुने सन्देशहरू पनि स्क्रिन रिडर प्रयोगकर्ताले सजिलै थाहा पाउनेगरी व्यवस्था गरिएको छ । यी सुधारहरू सामान्य प्रयोगकर्ताका लागि प्रत्यक्षरूपमा धेरै देखिने परिवर्तन नदेखिए पनि सहायक प्रविधिमा निर्भर व्यक्तिहरूका लागि भने अत्यन्त उपयोगी हुने विभागको भनाइ छ ।

यस्ता पहुँचमैत्री सुधारहरूले सबै नागरिकलाई समानरूपमा 'डिजिटल' सेवामा पहुँच पुर्‍याउने लक्ष्यलाई थप मजबुत बनाउने विश्वास गरिएको महानिर्देशक साहले बताए । साथै, यसले समावेशी र प्रविधिमैत्री शासन प्रणाली निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उनको भनाइ छ ।


## मलेसियामा रोजगार

कम्पनी : KEONGCO MALAYSIA SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340690 | चलानी नं. ६०२५४१०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Retail Wholesale Shop Worker | 10 | 0 | 1700 | ६४,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488
श्रम इजाजत नं. ८९८/०६७/०६८

## मलेसियामा रोजगार

कम्पनी : HGM INDUSTRIES SUPPLY SDN BHD — FREE VISA !! FREE TICKET !!!

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340720 | चलानी नं. ६०२५४१२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 2 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPREME MAJU SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340721 | चलानी नं. ६०२५४१२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-015423287
Shiva Sankhar Chaudhari +977 984-9038785, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

## मलेसियामा रोजगार

कम्पनी : RESTORAN KO PI TIM

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 340735 | चलानी नं. ६०२५४१३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 2 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## धितो रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०८ गते )**

यस सहकारी संस्थाको तपशिलमा उल्लेखित सदस्यले लिएको ऋण म्यादभित्र चुक्ता नगरी संस्थाबाट पटक-पटक मौखिक एवम् लिखित तर-ताकेता साथै ऋण चुक्ता गर्नको लागि मिति २०८२/११/११ गते प्रभाव दैनिक पत्रिकामा ३५ दिने सूचाना प्रकाशन गरी जानकारी गराउँदा समेत ऋण चुक्ताको लागि कुनै पनि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा तिर्न, बुझाउन पर्ने रकम बुझाउनको लागि पुनः अनुरोध गर्दै यो ३५ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्था तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियामावली २०७५, को नियम ३०, संस्थाको विनियम, ऋण असुली तथा धित्तो लिलाम कार्यविधी तथा प्रचलित कानुन अनुसार ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम संस्थाको नाममा दृष्टिबन्धक रोक्का कायम रहेको तपशिलमा उल्लेखित धितो लिलामको प्रक्रिया अपनाएर धितो लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम (साँवा, ब्याज, हर्जना र विविध खर्च समेत) असुल उपर गरिने यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ । सूचना प्रकाशन भएको ३५ दिन भित्र ऋण चुक्ता भुक्तानी हुन नआएमा ३७ औं दिनका दिन तथा सो दिन सार्वजनकि विदा परेमा विदापछिको कार्यालय खुलेको दिन ऋणी सदस्यले संस्थालाई दिएको धितो वापतको अचल सम्पत्ति संस्थाको कार्यालय का.म.न.पा.-१७ क्षेत्रपाटीमा लिलाम बढाबढ गरी बिक्री गर्न मिलाईएको हुँदा लिलाम सकार गरि लिनु इच्छुक व्यक्ति/संस्था/कम्पनीहरूले सूचना प्रकाशित भएको मितिले ३६औं दिनको कार्यालय समयभित्र यस संस्थामा प्राप्त हुने गरी तल उल्लेखित शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

| ऋणीको विवरण | धित्तोमा रहेको अचल सम्पत्तिको विवरण |
|---|---|
| **नाम : सोनाम लामा**<br>बुवाको नाम : पल्कु लामा<br>बाजेको नाम : सेते लामा<br>ठेगाना : बसामाडी-६, मकवानपुर<br>ना.प्र.नं. : २७/५९५,<br>जारी मिति : २०५४/११/०५,<br>जारी गर्ने कार्यालय : जि.प्र.का. मकवानपुर<br> | ऋणी सदस्य सोनाम लामाको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा उप.म.न.पा. ३ बसामाडी (साविक बसामाडी-६) स्थित कित्ता नं.२००७ को क्षेत्रफल ०-०-१० धुर र कित्ता नं.२००९ को क्षेत्रफल ०-०-१० धुर को जग्गा |

**धितो लिलामीका शर्तहरू :**

१. धितो लिलाम संस्थाले सूचना प्रकाशित गरेको मितिले ३७ औं दिनमा हुनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन १२ बजेदेखि ३ बजेसम्म संस्थाको कार्यालय क्षेत्रपाटीमा लिलामी बडाबड सम्बन्धि कार्य हुनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्ति/संस्था/कम्पनीले आफुले लिलाम सकार गर्न चाहेको रकमको १०% (दश) प्रतिशत रकम यस संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ, यदि दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. शर्त नं.२ बमोजिम दाखिला गरेको १०% (दश) प्रतिशत बाहेक बांकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बांकी रकम दाखिला नगरेका शर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति/संस्था/कम्पनीले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै बिशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा बिस्तृत जानकारी र बोलपत्र फाराम संस्थाबाट प्राप्त गर्न सकिने र अन्य शर्तहरू बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

**युथ भिजन बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**
**का.म.न.पा.वडा नं.१७ क्षेत्रपाटी, काठमाडौं, फोन नं. ०१-५३६३९५५, ९८६१००८००३**

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

(चावहिल काठमाडौं) को

### नाममा रहेको स्थीर सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८३/०१/०८ गते, मंगलबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग)चावहिल काठमाडौंको नाममा रहेको तपसिल बमोजिमको स्थीर सम्पत्ति घरजग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपुर्वक शिलबन्दी बोलपत्र आवहन गरिएकोछ ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाममा रहेको स्थीर सम्पतिको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | काठमाडौं जिल्ला कामपा वडा नं. ७, नगर ७/ थ<br>नक्सा सिट नं. १०२१०६७१२<br>कित्ता नं. ३०० र ३०२<br>क्षेत्रफल : कि.न.३००को ०-१०-३-० र कि.न. ३०२ को ०-२-२-१ (कुल जम्मा क्षेत्रफल ०-१३-१-१ क्षेत्रफल) मा रहेको घरजग्गा र सो ले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । | रु.५००/ |

**लिलामका शर्तहरू:**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/-(अक्षरूपी पाँच सय रूपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२) शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८३ साल वैशाख १४ गते दिनको ३:०० बजे भित्र मुख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३) शिलबन्दी बोलपत्र २०८३ साल वैशाख १५ गते मंगलबार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरीनेछ । बोलपत्र दाताहरू वा निजको प्रतिनिधि समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खूलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४) बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीयको Good For Payment गरीएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने ब्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५) शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६) कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७) लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८) कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ
९) अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरीएबमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८३/०१/ १४ गते, सोमबार, दिउँसो : ३:०० बजेसम्म**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८३/०१/१५ गते, मंगलबार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिलमा**
**समय : दिउँसो ३:०० बजे**
**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७, काठमाडौं ।**
**फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रास्वपाको निर्वाचन प्रतिबद्धतामाथि दौडिएको सरकारी डोजर

**विकास आफैंमा एउटा सुन्दर प्रक्रिया हो, तर जब विकासको मेसिन (डोजर) ले नागरिकको थातथलो र संवेदनालाई किल्चिन थाल्छ, तब त्यो 'आतंक' मा रूपान्तरण हुन्छ। हालै पर्साको वीरगञ्ज क्षेत्रमा सडक फराकिलो बनाउने बहानामा जसरी १३ वटा डोजर प्रयोग गरी बस्तीमा डोजर चलाइयो, त्यसले राज्यको क्रूर र अमानवीय अनुहार उदांगो पारेको छ। विकास हुनुपर्छ भन्नेमा दुईमत छैन, तर नागरिकलाई घरभित्रै थुनेर वा विकल्पहीन बनाएर उठिबास लगाउनु लोकतान्त्रिक सरकारको चरित्र होइन।**

**यो घटनाले विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र यसको नेतृत्वको दोहोरो चरित्रलाई छताछुल्ल पारेको छ। निर्वाचनका बेला 'जनताको आवासको अधिकार सुरक्षित गर्ने' र 'डोजर आतंक मच्चाए छातीमा गोली थाप्न तयार हुने' जस्ता उत्तेजक र भावनात्मक अभिव्यक्ति दिएका रास्वपा सभापति रवि लामिछाने आज आफ्नै पार्टीको सरकारले डोजर चलाउँदा मौन रहनु विडम्बनापूर्ण छ। चुनावी अभियानमा सस्तो लोकप्रियताका लागि गरिएका प्रतिबद्धताहरू सत्ताको कुर्सीमा पुगेपछि कसरी विस्मृतिमा जान्छन् भन्ने यो ज्वलन्त उदाहरण हो। प्रधानमन्त्रीका रूपमा वालेन्द्र शाहको कार्यशैली र भौतिक पूर्वाधारमन्त्रीको अदूरदर्शी निर्देशनले विधिको शासनभन्दा पनि 'शक्ति प्रदर्शन'लाई प्रश्रय दिएको देखिन्छ।**

**सडक डिभिजन कार्यालय हेटौंडाले सर्वोच्च अदालतको फैसलालाई आधार देखाउँदै संरचना भत्काउनुलाई कानुनी दाउपेच मान्न सकिएला, तर मानवीय न्यायको कसीमा यो पूर्णतः असफल छ। कुनै पनि नागरिकलाई उसको बसोबासबाट हटाउनुअघि उचित सूचना, क्षतिपूर्ति र वैकल्पिक आवासको व्यवस्था गर्नु राज्यको संवैधानिक दायित्व हो। वीरगञ्जका स्थानीयले बिनासूचना घर भत्काइएको भन्दै गरेको आक्रोश जायज छ। सुरक्षाकर्मीको ठूलो घेरा हालेर जनतालाई आतंकित पार्दै विकास थोपर्नुले नागरिक र सरकारबीचको खाडलमात्र बढाउँछ।**

**प्रतिपक्षी दलहरू र सामाजिक अभियन्ताहरूले उठाएका प्रश्नहरूलाई सरकारले हल्का रूपमा लिनु हुँदैन। सुकुम्बासी र न्यून आय भएका वर्गलाई संरक्षण गर्नुको साटो उनीहरूप्रति असहिष्णु बन्नुले सरकार केवल धनी र पहुँचवालाको मात्र हो भन्ने भान गराउँदछ। विकास मान्छेका लागि हो, मान्छेलाई घरबारविहीन बनाएर बनाइएका फराकिला सडकले समृद्धिको वास्तविक परिचय दिँदैनन्।**

**अतः सरकारले तत्काल वीरगञ्जलगायत देशका विभिन्न क्षेत्रमा भइरहेको बलमिच्याइँ रोकी विस्थापित परिवारको पुनर्वास र उचित क्षतिपूर्तिको सुनिश्चितता गर्नुपर्छ। सत्तामा बस्नेहरूले निर्वाचनका बेला गरेका वाचा सम्झिनुपर्छ। विकासको नाममा मानवीय संवेदनालाई डोजरले नभत्काइयोस्। सरकारको काम जनतालाई सुरक्षा दिनु हो, त्रासमा राख्नु होइन।**

# चीनसँग पेट्रोलियम पाइपलाइनको परिकल्पना



❑ मोहनकुमार दाहाल

भारतसँगको हाम्रो विशेष सम्बन्ध र ऐतिहासिक रूपमा प्राप्त हुँदै आएको सहज ऊर्जा आपूर्तिले हामीलाई सधैं सुरक्षित आसन दिएको छैन। किनकि यो सम्बन्ध जतिसुकै मित्रतापूर्ण देखिए पनि यसमा हाम्रो आफ्नै राष्ट्रिय हितको सुरक्षाको प्रश्न जोडिएको छ, र २०७२ सालको नाकाबन्दीले हामीलाई एउटै देशको एउटै कम्पनीमाथिको पूर्ण निर्भरता कति जोखिमपूर्ण हुन सक्छ भन्ने कडा पाठ सिकायो।

त्यो बेला भारत सरकारले आधिकारिकरूपमा नाकाबन्दी नगरे पनि व्यावहारिक रूपमा आपूर्ति रोकिँदा हाम्रो सम्पूर्ण अर्थतन्त्र ठप्प हुने अवस्थामा पुगेको थियो। इन्धनको अभावले सवारीसाधनहरू सडकमा थन्किए, उद्योगहरू बन्द भए, दैनिक जनजीवन नै अस्तव्यस्त बन्यो र त्यसको पीडा लामो समयसम्म रह्यो। त्यसैले आजको प्रश्न भनेको हामीले भारतसँगको सम्बन्ध तोड्ने होइन, तर एउटै आपूर्ति शृंखलामा अड्किएर नबस्ने कि भन्ने हो। किनकि एकाधिकारको यो स्थितिले हामीलाई जुनसुकै बेला पनि असुरक्षित बनाउन सक्छ।

यसको एउटै समाधान भनेको स्रोतको विविधीकरण हो, जसको सबैभन्दा व्यावहारिक, दीर्घकालीन र भरपर्दो मार्ग हुन सक्छ चीनसँग ऊर्जा सहकार्यलाई संस्थागत रूप दिनु। जसमा पेट्रोलियम पदार्थ र ग्यासका लागि पाइपलाइन नै सबैभन्दा सुरक्षित, प्रभावकारी र रणनीतिक विकल्प हो, किनकि पाइपलाइन भनेको निरन्तर, मौसम-अवरोधरहित, कम लागतमा ठूलो मात्रामा इन्धन ढुवानी गर्न सक्ने र दशकौंसम्म सञ्चालन गर्न सकिने पूर्वाधार हो, जसले एकपटक निर्माण भएपछि दैनिक हजारौं किलोलिटर पेट्रोलियम पदार्थ र लाखौं घनमिटर ग्यासको आपूर्ति सुनिश्चित गर्न सक्छ।

यसरी हेर्दा चीनसँगको पेट्रोलियम र ग्यास पाइपलाइन केवल एउटा आर्थिक परियोजनामात्र होइन यो हाम्रो राष्ट्रिय सुरक्षाको एउटा अनिवार्य आवश्यकता बन्न पुग्छ, जसले हामीलाई दुई ठूला छिमेकीहरूबीच सन्तुलन कायम राख्न, आपूर्ति अवरोधको अवस्थामा तुरुन्तै वैकल्पिक मार्ग प्रयोग गर्न र आफ्नो राष्ट्रिय हितको रक्षा गर्न सशक्त बनाउँछ। साथै, यसले हाम्रो ऊर्जा आयातको सम्पूर्ण संरचनालाई नै परिवर्तन गर्ने क्षमता राख्दछ।

हामीसँग पहिले नै चीनसँग इन्धन सहकार्यको ठोस अनुभव छ, जसले यो परिकल्पनालाई केवल काल्पनिकमात्र नभई व्यावहारिक सम्भावनाको रूपमा प्रस्तुत गर्दछ, किनकि २०७२ सालको नाकाबन्दीको चरम अवस्थामा जब हामीसँग इन्धनको भण्डारण सकिँदै थियो र जनजीवन नै संकटमा परेको थियो, तब चीनले नेपाललाई १३ लाख लिटर पेट्रोल अनुदानका रूपमा उपलब्ध गराएको थियो, जुन त्यतिबेला हाम्रो लागि जीवनरेखा सावित भयो। त्यसपछि नेपाल आयल निगम र चाइना नेसनल युनाइटेड अयल कर्पोरेसन (सिएनयुओसी) बीच इन्धन आपूर्ति सम्झौता पनि भएको थियो, जसले द्विपक्षीय ऊर्जा सहकार्यको आधारशिला राखेको थियो। तर उक्त आपूर्ति तत्कालीन आपत्कालीन आवश्यकतालाई सम्बोधन गर्न ट्रकमार्फत गरिएको थियो, जुन दीर्घकालीनरूपमा अगाडि ढ्न सकेन। यो न त रणनीतिकरूपमा भरपर्दो बन्यो।

ट्रकमार्फतको आपूर्ति मौसम, सडक अवस्था, भन्सार प्रक्रिया, र सीमा नाकाको खुलापनमा निर्भर हुन्छ, जसले गर्दा यो विधि जोखिमपूर्ण, अनियमित र प्रतिलिटर ढुवानी लागत उच्च हुने हुन्छ। यसलाई दीर्घकालीन र संस्थागत रूप दिन सकिएन, तर त्यसले सम्भावनाको ढोका भने खोलिदियो। हाम्रो स्थलगत अवस्थाले ट्यांकरमार्फतको आपूर्तिमात्र नभई पाइपलाइनको सम्भावना पनि प्रस्तुत गर्दछ, किनकि पाइपलाइन भनेको निरन्तर, सुरक्षित र लागतप्रभावी आपूर्तिको सबैभन्दा उन्नत प्रविधि हो, जसले दैनिक हजारौं किलोलिटर पेट्रोलियम पदार्थ र लाखौं घनमिटर प्राकृतिक ग्यासलाई सुरक्षितरूपमा हिमाली भू-भाग पार गर्न सक्छ। रसिया र युरोपबीच, अमेरिका र क्यानडाबीच तथा हालसालै हाम्रै सन्दर्भमा भारत-नेपालबीच मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको छ, जसले पहाडी भूगोलमा पनि पाइपलाइन निर्माण र सञ्चालन सम्भव रहेको प्रमाणित गरेको छ। साथै, विश्वभर नै हिमाली शृंखलाजस्तै चुनौतीपूर्ण भू-भागहरूमा हजारौं किलोमिटर प्राकृतिक ग्यास र पेट्रोलियम पाइपलाइनहरू सफलतापूर्वक सञ्चालनमा रहेका उदाहरणहरू छन्।

चीनको आफ्नै तिब्बती पठारमा निर्मित गोलमुद-ल्हासा पाइपलाइन पनि एक हो, जसले चारह हजार मिटरभन्दा माथिको उचाइमा पनि पाइपलाइन सञ्चालन सम्भव रहेको देखाएको छ। यसले प्रमाणित गर्दछ कि प्रविधिको सही प्रयोग, द्विपक्षीय सहकार्य र दीर्घकालीन योजनाले हिमाली भेगमासमेत पाइपलाइनको बाटो खोल्न सकिन्छ। त्यसैले हामीसँग पहिले नै चीनसँगको आपत्कालीन अनुभव र भारतसँगको पाइपलाइन सफलताको उदाहरण हुँदाहुँदै चीन-नेपाल पेट्रोलियम र ग्यास पाइपलाइनको परिकल्पनालाई थप गम्भीरतापूर्वक अगाडि बढाउनु स्वाभाविक र आवश्यक दुवै हो। यसका लागि अब ढिलाइ नगरी सम्भाव्यता अध्ययनको चरणमा जानुपर्छ।

त्यसैगरी, हामीले चीनसँग पनि उत्तरी सीमा नाका (केरुङ-रसुवागढी) हुँदै पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास दुवैका लागि पाइपलाइन विस्तारको गुरुयोजना बनाउन सक्छौं, किनकि यो मार्ग भौगोलिक रूपमा सबैभन्दा नजिकको, हाल नै सडक सञ्जालले जोडिएको र पूर्वाधार विकासको दृष्टिले सबैभन्दा सम्भावनाशील छ। केरुङ नाका चीनको तिब्बत स्वायत्त क्षेत्रको एउटा प्रमुख व्यापारिक नाका हो, जुन नेपालको रसुवागढीसँग जोडिएको छ। यो मार्गको उचाइ करिब १८ सय मिटरदेखि पाँच हजार मिटरसम्म फैलिएको छ, जसले प्राविधिक चुनौती प्रस्तुत गर्दछ तर यसलाई असम्भव भन्न सकिँदैन। यो विचार नयाँ होइन, यसलाई विगतदेखि नै विभिन्न फोरमहरूमा उठाइँदै आएको छ, तर यसलाई व्यावहारिक रूप दिने बेला अहिले आएको छ, किनकि चीन र नेपालबीच हालैका उच्चस्तरीय भ्रमणहरू तथा संयुक्त वक्तव्यहरूले 'हिमालय पार गर्ने त्रिआयामिक कनेक्टिभिटी नेटवर्क' निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्, जुन अवधारणाअन्तर्गत सडक, रेल, ऊर्जा र सञ्चारका पूर्वाधारहरूलाई समेटिएको छ।

यसले देखाउँछ कि, दुवै देशबीच पूर्वाधार विकासको दीर्घकालीन दृष्टिकोण र राजनीतिक इच्छाशक्ति दुवै विद्यमान छन्। सन् २०२४ को डिसेम्बरमा जारी संयुक्त वक्तव्यमा नेपाल र चीनले 'जिलोङ-रसुवागढी पारवर्ती विद्युत् प्रसारणलाइन'को सम्भाव्यता अध्ययनलाई तीव्रता दिने उल्लेख गरेका छन्, जुन ठूलो परियोजनाको सुरुवात हो। यदि विद्युत् प्रसारणलाइनका लागि यो सम्भाव्यता अध्ययन सम्भव छ भने पेट्रोलियम र ग्यास पाइपलाइनको प्राविधिक र व्यावसायिक सम्भाव्यता अध्ययन पनि उत्तिकै सम्भव छ, किनकि दुवै ऊर्जा पूर्वाधारका लागि समान भौगोलिक, प्राविधिक र द्विपक्षीय सहकार्यका आधारहरू आवश्यक पर्छन्, यसले नेपाललाई 'स्थलगत राष्ट्र'बाट 'स्थल जोडिएको राष्ट्र' बनाउने दीर्घकालीन लक्ष्यलाई पनि सघाउ पुऱ्याउने छ। किनकि, पाइपलाइनले हाम्रो उत्तरी सीमालाई पेट्रोलियम र ग्यासको प्रवाहका लागि सक्रिय नाकाको रूपमा स्थापित गर्ने छ। यसले हामीलाई दक्षिणी नाका (भारत) सँगको निर्भरतालाई सन्तुलन गर्न मद्दत गर्ने छ। यसरी यो परियोजना केवल ऊर्जा सुरक्षाको माध्यममात्र नभई हाम्रो समग्र पूर्वाधार विकास, कनेक्टिभिटी र द्विपक्षीय सम्बन्धको एक अभिन्न अंगका रूपमा विकसित हुन सक्छ। यसले पेट्रोलियम पदार्थ र ग्यासको आपूर्तिलाई मात्र नभई समग्र आर्थिक सम्बन्धलाई नै नयाँ उचाइमा पुऱ्याउने क्षमता राख्दछ।

चीनसँगको पेट्रोलियम र ग्यास पाइपलाइनको प्रमुख उद्देश्य भनेको भारतले कुनै राजनीतिक, आर्थिक वा प्राविधिक कारणले आपूर्तिमा बेइमानी गरेको, नाकाबन्दी लगाएको वा मूल्यमा एकाधिकारको दुरूपयोग गरेको अवस्थामा हामीसँग तुरुन्तै सक्रिय हुन सक्ने वैकल्पिक मार्ग हुनु हो। यसले हाम्रो 'बार्गेनिङ पावर'लाई अभूतपूर्व रूपमा बढाउँछ, किनकि जब भारतलाई थाहा हुन्छ कि हामीसँग अर्को स्थायी, सुरक्षित र दीर्घकालीन विकल्प पनि छ। तब व्यापारिक सम्बन्ध अझ न्यायपूर्ण, पारदर्शी र प्रतिस्पर्धात्मक हुन्छ। यसले केवल 'आपूर्ति सुरक्षा' मात्र सुनिश्चित गर्दैन, बरु 'मूल्य स्थिरता'मा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

हाल हामीले भारत सरकारको स्वामित्वमा रहेको इण्डियन अयल कर्पोरेसन (आइओसी) बाटमात्र पेट्रोल, डिजेल, हवाई इन्धन र खाना पकाउने ग्यास (एलपिजी) खरिद गर्नुपर्छ, जसको मूल्य निर्धारणमा हाम्रो भूमिका न्यून छ। हामी उसले तोकेको मूल्य स्वीकार गर्न बाध्य छौं। यो एकाधिकारको स्थितिले हामीलाई कहिलेकाहीं प्रतिस्पर्धात्मक मूल्य पाए पनि दीर्घकालीनरूपमा हाम्रो अर्थतन्त्रमा अनावश्यक दबाब सिर्जना गर्दछ। चीनको राज्यस्वामित्वका कम्पनीहरू (जस्तैः सिएनयुओसी, पेट्रोचाइना, साइनोपेक) सँगको दीर्घकालीन खरिद सम्झौता, विशेषगरी पाइपलाइनमार्फतको आपूर्तिले हामीलाई मूल्य प्रतिस्पर्धाको स्वस्थ वातावरण सिर्जना गर्न मद्दत गर्ने छ, किनकि पाइपलाइनमार्फतको ढुवानी लागत ट्रकमार्फतको तुलनामा ३० देखि ५० प्रतिशतसम्म सस्तो हुन सक्छ, जसले अन्ततः उपभोक्ताका लागि सस्तो र स्थिर मूल्य सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ

यसले नेपाल आयल निगमलाई पनि व्यावसायिकरूपमा सशक्त बनाउँदै, दुई फरक आपूर्तिकर्ताहरूसँग सम्झौता गर्ने क्षमता प्रदान गर्ने छ र ग्यासको क्षेत्रमा पनि यसैगरी एलपिजी (खाना पकाउने ग्यास) र प्राकृतिक ग्यास (सिएनजी, पिएनजी) दुवैका लागि नयाँ सम्भावनाहरू खोल्न सक्छ, जसले सहरी क्षेत्रमा स्वच्छ इन्धनको पहुँच विस्तार गर्न र वातावरणीय प्रदूषण कम गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

यो रणनीति केवल 'भारतलाई चेतावनी दिने' वा 'भारतसँगको सम्बन्धलाई कमजोर बनाउने' मात्र होइन, यो हाम्रो राष्ट्रिय हितको संरक्षणको सबैभन्दा ठोस र व्यावहारिक मार्ग हो। किनकि विश्व परिदृश्यमा ऊर्जा भूराजनीति अत्यन्त जटिल, अस्थिर र प्रतिस्पर्धात्मक बन्दै गइरहेको छ। ऊर्जाको मूल्य निर्धारणदेखि आपूर्ति शृंखलाको सुरक्षासम्मका विषयहरू राष्ट्रिय सुरक्षाको केन्द्रीय मुद्दा बनिसकेका छन्, भारत आफैंले आफ्नो ऊर्जा सुरक्षाका लागि रुस, अमेरिका, भेनेजुएला, साउदी अरेबिया, इराक, संयुक्त अरब इमिरेट्स, कतारजस्ता विभिन्न स्रोतहरूबाट तेल र ग्यास खरिद गर्दै विविधीकरणलाई प्राथमिकता दिएको छ। आवश्यक परेमा अमेरिकी प्रतिबन्धलाई समेत चिर्दै आफ्नो स्वार्थ पूरा गर्न सफल भएको छ भारत। उसले आफ्नो प्राकृतिक ग्यासको आपूर्ति सुरक्षाका लागि ओमान, कतार, र अमेरिकासँग दीर्घकालीन एलएनजी (तरलीकृत प्राकृतिक ग्यास) सम्झौताहरू गरेको छ। साथै, आफ्नै भूमिमा ग्यास पाइपलाइन नेटवर्क विस्तार गरिरहेको छ। यदि भारतले आफ्नो ऊर्जा स्रोतको विविधीकरण गर्न सक्छ भने, हामीले किन सक्दैनौं ?

हामी पनि उत्तिकै रूपमा आफ्नो राष्ट्रिय हितको रक्षाका लागि आवश्यक कदम चाल्न सक्छौं, एकाधिकारको यो स्थितिलाई तोड्नका लागि चीनसँगको पेट्रोलियम र ग्यास पाइपलाइनमात्र एउटा माध्यम हो, तर यसको साथसाथै हामीले उत्तरी सीमा नाकाहरूको पूर्वाधार विकास गर्ने, इन्धन भण्डारण क्षमता वर्तमान १० दिनकोमात्र खपत हुने अवस्थाबाट बढाएर कम्तीमा तीन महिनाको सुरक्षित मौज्दात कायम गर्ने, पेट्रोलियम उत्पादन र ग्यासका लागि छुट्टाछुट्टै रणनीतिक भण्डारण गृहहरू निर्माण गर्ने र निजी क्षेत्रलाई पनि इन्धन आयातको अनुमति दिने नीतिगत व्यवस्था गर्नेजस्ता विषयहरूमा पनि गम्भीर भएर लाग्नुपर्छ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।






✍ बैकुण्ठ भण्डारी

# ठीक छ म हेर्छु !

२०६१ साल माघ महिनाको पारिलो घाम लागिरहेको थियो। बहुदलीय प्रजातन्त्रमा आस्था राख्ने दलहरू सत्ताका लागि तँछाडमछाड गरिरहेका थिए। अल्पमत र बहुमतको लडाइँले देशले हारिरहेको थियो। त्यही दिन देशका सबैले मानेका तत्कालीन राजा ज्ञानेन्द्र शाहले देशवासीका नाममा सम्बोधन गर्दै देशको शासन सत्ता आफ्नै हातमा लिए। अर्थात् राजाले सत्ता त लिए तर उनी प्रधानमन्त्रीका रूपमा पनि झरे !

तात्कालीन राजालाई क-कसले उचाले उनैले जानून्। हिन्दूशास्त्रमा राजालाई विष्णु भगवान्को अवतारका रूपमा लिने गरिन्छ। तर उनै विष्णुलाई आसेपासे बैगुनीहरूले खै के बनाइदिए ! माघ १९ गतेको कठोर कदमले एउटा तप्का स्वागत गर्न नै व्यस्त देखियो भने अर्को तप्का नागरिकको अधिकार खोजिएको भन्दै सडक आन्दोलनमा होमिए।

प्रजातन्त्र, अनि मानवअधिकार प्राप्तिका लागि अडिग रहेको सञ्चारमाध्यमहरूमा समाचारमाथि प्रतिबन्ध लगाइयो। रेडियोहरूमा समाचार प्रसारण गर्न नपाइने भयो। छापा माध्यमहरूमाथि पनि निकै नै निगरानी भइरह्यो। सहरमा 'कू' ले घेऱ्यो। अनि गाउँमा बन्दुक बोकेका समाजवाद र माओवादको नारा बोकेकाहरूले तर्साए। जनता 'साँढेको जुधाइ, बाछाको मिचाइ'मा परे।

शक्तिशाली दरबार। मन्त्रिपरिषद्को अध्यक्ष अर्थात् प्रधानमन्त्री राजाले सम्हाले। राजालाई प्रधानमन्त्री बन्न सल्लाह दिने सल्लाहकारहरू कति विद्वान थिए भनिरहनु नपर्ला ? राजनीति पेसागत संगठनबाहेक धेरैले राजालाई प्रधानमन्त्री बन्दै पूर्वप्रधानमन्त्रीलगायतलाई नजरबन्दमा राखिएको विषयमा लाखौं खर्चिएर बधाइ दिन थाले। त्यसबेलाको दैनिक पत्रिका हेरे घामजत्तिकै छर्लंग हुन्छ। केही ठूला व्यापारिक घरानाहरूले आफ्नो स्वार्थपूर्ति गर्नका लागि जयजयकार मनाउन थाले।

प्रशंसा भन्ने चिज निकै नै लोभलाग्दो हुँदो रहेछ। त्यही भएर राजालाई जिल्ला-जिल्ला घुमाउने र जयजयकार गराउने अभियान नै चल्यो। राजा पनि के कम ? जनताको माझमा जान पाउँदा र जयजयकार हुँदा आनन्द नै आउँछ नि !

हो, त्यही जयजयकारमा रमाउँदा नागरिकका पीडामा मल्हम लगाउनेभन्दा पनि आसेपासेका कारण 'हुन्छ, हस म बुझौंला', 'ठीक छ, बुझें' भन्नेबाहेक केही पनि हुन सकेन। जसले जनताको विश्वास टुट्दै गयो। राजाका वरपर उनै स्वार्थमा लीप्त फिरंगीहरू ताण्डव गरिनै रहे। बहुदलीय व्यवस्थालाई निर्दलीय बनाउन खोजेर कहाँ पो हुन्थ्यो र ?

गत फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनबाट करिब दुईतिहाइ मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कार्यालयमा आइतबार त्यस्तै दृश्य देखियो। पार्टी सभापति रवि लामिछानेलाई पीडा सुनाउने केही नागरिकहरू अघिपछि गर्दै थिए। अनि सभापतिको सुरक्षाका लागि भन्दै केही कार्यकर्ताहरू उत्तिकै नजिकिएका पनि थिए। हिजो टेलिभिजन कार्यक्रम प्रस्तोता हुँदा अन्यायमा परेकाहरूलाई न्याय दिन्छु भन्दै हिँडेका, अनि डोजर चलाउने कार्यको चर्को विरोध गर्ने उनै रविलाई नागरिकहरूले आफ्नो गुनासो सुनाउँदै गरेका दृश्य निकै फरक किसिमको थियो।

अनि उसबेला राजा ज्ञानेन्द्रलाई जनताको माझमा हुन्छ, बुझौंला, हेरौंला भनेजस्तै गरी कार्यकर्ताहरूको भीडबाट रविले भने, 'ठीक छ, म हेर्छु !' लगनपछिको पोते के काम ? भन्ने उखान सायद हरेक नेपालीको कानमा गुञ्जिएको होला। सायद रविको 'ठीक छ, म हेर्छु'ले 'नवराजा'को झझल्को दियो भन्नेहरू धेरै भेटिए। उनै रवि जसले जनताको घरमा डोजर चल्यो भने मेरो छातीमा चढाउँछु भन्थे तर उनकै पार्टी दुईतिहाइ बराबरको मत पाएर सत्ता सम्हालिरहँदा कलिला बालबालिकाहरू रुँदै बाबु गुहारिरहेको कारुणिक दृश्यले पनि त केही भन्ला कि ?

जनताको प्रतिनिधि राजा बन्न खोज्दा परिणाम के आउँछ भनेर भुक्तभोगीहरूलाई भन्नुपर्ला र ? भ्रष्टाचार र बेथितिको अन्त्य गर्ने नारामा उनी भ्रष्टमति भएकाहरूसँग मित लगाउने हो भने त्यसको अर्थ पो के नै रह्यो र ?

मुलुक रामराज्य होला भन्ने सोच राखेका जनतालाई लंका बनाउने प्रयास पनि हुँदै छ अरे ! त्यो पनि त 'हुन्छ, हेरौंला' भनेर बस्ने हो ? जनताको आशा र भरोसामाथि 'हुन्छ, हेरौंला' एकातिर अनि मौन व्रत बस्ने अर्कोतिर भयो भने त्यसले कस्तो पाठ पढाउला ?

हुन त सत्ता चलाउनेहरूले विद्वान-विद्वान सल्लाहकार नै राखेका हुन्छन्। तर कस्तो विद्वान राखेका हुन्छन् भन्ने कुरा त विगतमा केपी ओलीको सचिवालयमा बस्नेहरूले गरेका कर्तुतले प्रस्ट पारिसकेको छ। त्यसैले हुन्छ वा हेरौंला वा बुझौंलाले जनताको विश्वास अड्किँदैन।

राजा नवबास्सा हुन खोज्दा, अनि हत्केलामा भएको वस्तुलाई नसम्हाली भुइँको टिप्न खोज्दाको परिणाम भन्नै पर्दैन। अब फेरि नयाँ राजा बास्साहरू बन्न खोजे भने ! सरकार नागरिकको अभिभावक हो। तर सरकारमा बस्ने र सरकारसँग रहेका दलका प्रतिनिधिहरूले आफूलाई राजा बनाउने जुन प्रयत्न गरिरहेका छन्। त्यसले क-कसलाई अचानोमा राख्दै छ भन्ने कुरा उनीहरू आफैंले बुझून्।

रास्वपाका अध्यक्ष रविले जनताको कुरालाई सम्बोधन त गर्न सक्दैनन् तर आफ्नो पार्टीका व्यक्ति जसले सरकार हाँकिरहेको छ उसलाई नागरिकका समस्या सम्बोधन गर्नका लागि आग्रह गर्न सक्छन्। तर आग्रह पो कसरी गर्नु ? विचरा ! आफैं निरीह छन्। त्यसै पनि होला विश्वास लिएर आएका उनका समर्थकहरूलाई उनले जवाफ दिन नसकेरै पनि हेरौंला अनि बुझौंला भनेका होलान् !

आशा गरौं, जनताले दुईतिहाइ नजिक पुऱ्याएको रास्वपाका हरेक जनप्रतिनिधिहरूले चुनाउमा जाँदा जे बोलेका थिए त्यही गरुन्। प्रधानमन्त्री वालेन्द्र शाह र सभापति लामिछानेको नाम भजाएर नवराजा बन्ने प्रयत्न नगरुन्। हुन्छ, हेरौंला र बुझौंलाले जनताको न पेट भरिन्छ न आङ छोपिन्छ। दोष अरूलाई थोपरेजस्तो निश्कलंक हुन कहाँ सजिलो छ र ? सबैको जय होस् ! ठीकै छ, हामी पनि हेरौंला !




**भत्ताको पर्खाइ** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित लुम्बिनी विकास बैंक लिमिटेडमा सोमबार सामाजिक सुरक्षा भत्ता लिन पालो कुरेर बसेका घोराही–१ सुकाखोलाबाट आएका सर्वसाधारण । *तस्बिरः रासस*

# एक जना अनमीको भरमा प्रसूति सेवा



**सिरहा–** यहाँको नरहा गाउँपालिका-४ वर्छवामा रहेको प्रसूतिगृह (बर्थिङ सेन्टर) कर्मचारी अभावका कारण जोखिमपूर्ण अवस्थामा सञ्चालन भइरहेको छ । संवेदनशील स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने यस संस्थामा हाल एक जना अनमीमात्रै छन् ।

सामान्यतया एउटा व्यवस्थित प्रसूतिगृह सञ्चालनका लागि कम्तीमा दुई जना स्टाफ नर्स, एक जना स्वास्थ्य सहायक (एचए) र एक जना कार्यालय सहयोगी आवश्यक पर्छ । तर, यहाँ छैटौं तहकी अनमी टीकादेवी ढुंगेलले एक्लै चौबिसै घण्टा सेवा दिनुपर्ने बाध्यता छ ।

भौतिक पूर्वाधारमा कमी नभए पनि पर्याप्त दक्ष जनशक्ति नहुँदा प्रसूतिगृहमा सेवाग्राहीको संख्या निकै न्यून छ । चालु आर्थिक वर्षको नौ महिनामा यहाँ केवल १९ जनालेमात्र सुत्केरी सेवा लिएका छन् । तीमध्ये ११ जना स्थानीय ‘सदाय’ समुदायका विपन्न महिला हुन्, जो अन्यत्र जान आर्थिक वा भौगोलिकरूपमा असमर्थ थिए ।

वर्छवा स्वास्थ्यचौकीका प्रमुख महेशकुमार रजक स्वास्थ्यकर्मी अभावले रातको समयमा निकै चुनौती हुने बताउँछन् । उनले भने, ‘दिउँसो कार्यालय समयमा त हामी अन्य कर्मचारी पनि हुन्छौं, केही सहज हुन्छ । तर सुत्केरी गराउन प्रायः राति आउँछन्, जुन बेला एक जनाको भरमा सम्भव नै हुँदैन । कहिलेकाहीँ उहाँ (अनमी) पनि बिदामा बसेको बेला त संस्था नै खाली हुने अवस्था छ ।’

वर्षौंदेखि सेवा दिइरहेकी अनमी ढुंगेलले पनि एक्लै काम गर्दाको सकस सुनाउँदै भनिन्, ‘दिउँसो त्यति समस्या हुँदैन, तर रातको समयमा एक्लै सुत्केरी गराउनुपर्दा डर र जोखिम दुवै हुन्छ । कोही नभएपछि बिरामीको सेवाका लागि जे-जति सकिन्छ, गरिरहेकै छु ।’

प्रसूतिगृहमा कर्मचारी अभाव देखाइरहँदा नरहा गाउँपालिकाले भने स्वास्थ्यका प्राविधिक कर्मचारीलाई प्रशासनिक काममा खटाएको छ । स्वास्थ्यतर्फका सिनियर अहेव अरुणकुमार सिंहलाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिइएको छ भने अर्का कर्मचारी बैजनाथ साहलाई ५ नम्बर वडाको सचिव बनाइएको छ ।

यतिमात्र होइन, अन्य तीन जना स्वास्थ्यकर्मीलाई कुनै ठोस जिम्मेवारी नदिई स्वास्थ्य शाखामा ‘काज’मा राखिएको छ । यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत आदित्यकुमार कर्ण भने जनशक्ति अभावलाई नै मुख्य कारण भएको बताए । उनले भने, ‘हामीसँग स्वास्थ्यतर्फका कर्मचारी कम भएकैले त्यहाँ थप जनशक्ति पठाउन नसकिएको हो । हामी व्यवस्था मिलाउँदै छौं, चाँडै थप जनशक्ति पठाउने प्रयास गर्ने छौं ।’

प्रशासनिक पहुँच र राजनीतिक खिचातानीका कारण दक्ष स्वास्थ्यकर्मीलाई उनीहरूको कार्यक्षेत्रभन्दा बाहिर राख्दा दुर्गमका महिलाहरू सुरक्षित मातृत्वको अधिकारबाट वञ्चित भइरहेको स्थानीयको गुनासो छ । स्थानीय सकलदेव यावदले भने, ‘पालिकाले पहुँचवाला स्वास्थ्यकर्मीलाई वडा र जिन्सी शाखामा आराम गराएर राखेको छ, तर हामीजस्ता गरिबका छोरीबुहारी सुत्केरी व्यथाले छट्पटाउँदा एउटा अनमीको भर पर्नुपर्छ । यो त सिधासिधा हाम्रो स्वास्थ्यमाथि खेलवाड हो ।’

एक्लो अनमीको भरमा चल्ने यस्तो सेवाले कुनै पनि बेला दुर्घटना निम्त्याउन सक्ने जोखिम देखिएको स्थानीय बताउँछन् । उनीहरूले तत्काल स्वास्थ्यकर्मीको व्यवस्थापन गरी प्रसूतिगृहलाई पूर्ण क्षमतामा चलाउन माग गरेका छन् । *रासस*

# प्राचीन मूर्ति पुनःस्थापना गरियो

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले विभिन्न समयमा चोरी भएर विदेशका संग्रहालयमा पुगेका प्राचीन मूर्ति फिर्ता गर्ने र संग्रहालयमा राखिएका मूर्तिलाई आफ्नै स्थानमा फिर्ता गराउन थालेको छ ।

कामपाले विश्व सम्पदा दिवसको अवसर पारेर राष्ट्रिय संग्रहालय, छाउनीमा राखिएको १३औं शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं २० मरुस्थित गःगुठी सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुनःस्थापित गरेको छ ।

कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगत, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, सम्पदा अभियानकर्ताद्वय गणपतिलाल श्रेष्ठ र अधिवक्ता सञ्जय अधिकारीले संग्रहालयको जुद्धजातीय कलाशालामा राखिएको यो मूर्ति बुझेर ल्याएका हुन् ।

संग्रहालयकी प्रमुख अरुणा नकर्मी, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजीमान प्याकुरेल, राष्ट्रिय संग्रहालयका संग्रहालय अधिकृत सुवासकृष्ण डंगोल र पुरातत्त्व विभागकी पुरातत्त्व अधिकृत अमृता महर्जनको रोहवरमा संग्रहालयकी भण्डारे विन्दा श्रेष्ठ र सहायक पथप्रदर्शक उषाकुमारी सिंहले मूर्ति बुझाएका हुन् ।

मूर्तिको नाप ६८.५ सेन्टिमिटर उचाइ र ३०.५ सेन्टिमिटर चौडाइको रहेको जनाइएको छ । कामपाको सम्पदा तथा पर्यटन समितिका संयोजक संगत भन्छन्, ‘काठमाडौंको पहिचान जोगाउनु हाम्रो मुख्य दायित्वमध्येको एउटा दायित्व हो । यसप्रति हामी प्रतिबद्ध छौं । नियमित काम गरिरहन्छौं ।’

चोरिएर लण्डन पुगेको यो मूर्ति, नेपाली दूतावास बेलायतबाट फिर्ता भएपछि पुरातत्त्व विभागले २०५२ साल चैत २९ गते राष्ट्रिय संग्रहालयमा सुरक्षित राख्न पठाएको थियो ।

हरेक वर्ष अंग्रेजी महिनाको एप्रिल १८ तारिख इन्टरनेसनल डे फर मोनुमेन्ट्स एण्ड साइट्स अर्थात् विश्व सम्पदा दिवसका रूपमा मनाउने गरिन्छ । इन्टर नेसनल काउन्सिल अन मोनुमेन्ट्स एण्ड साइट्स (स्मारक क्षेत्रहरूको अन्तरराष्ट्रिय परिषद्) ले दिवस मनाउन सुरु गरेको हो ।

यो सन् १९६५ मा स्थापना भएको हो । परिषद्ले सन् १९८२ मा दिवस मनाउन राखेको प्रस्ताव त्यसको एक वर्षपछि युनेस्कोले पारित गरेपछि अन्तर्राष्ट्रियरूपमा दिवस मनाउन थालिएको हो । नेपालमा भने सन् २०१० बाट दिवसलाई औपचारिकरूपमा मनाइन्छ ।

# मुस्ताङमा १५ दिने ‘राष्ट्रिय मूर्तिकला कार्यशाला’ सुरु

**काठमाडौं (प्रस)–** नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान काठमाडौंको सहकार्य तथा घरपझोङ गाउँपालिका, मुस्ताङको आयोजनामा सोमबारदेखि ‘घरपझोङ राष्ट्रिय मूर्तिकला कार्यशाला-२०८३’ सुरु भएको छ ।

सो क्षेत्रमा बडेमान ढुंगा खोपेर कलाकारले विभिन्न मूर्तिका आकार दिने छन् । जसले आकर्षक पर्यटकीय क्षेत्र मुस्ताङका लागि कला पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गरिएको छ । कलाकारहरूले सो क्षेत्रमा १५ दिन बसेर ढुंगालाई मूर्तिमा ढाल्ने छन् ।



प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले कार्यशालाबाट सिर्जना हुने मूर्तिकलामा घरपझोङको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिकलगायतका विविध विषय समेटिने जानकारी दिए । उनले भने, ‘हामीले घरपझोङमा विभिन्न आकारका ढुंगाहरूलाई मूर्तिको रूप दिने छौं । मुस्ताङको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा यस कार्यशालाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु ।’

कार्यशालाको उद्घाटन गर्दै घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले घरपझोङको समृद्धिमा कृषि र पर्यटनसँगै ललितकला पनि जोडिएको बताए । उनले भने, ‘तपाईंहरूले यहाँको ऐतिहासिक विषयवस्तुमा आधारित रहेर कला सिर्जना गर्नुहुने छ, यो ठाउँ हिन्दू र बौद्ध धर्मावलम्बी दुवैको संगमस्थल भएकाले यहाँ रहेका पवित्रस्थानसम्बद्ध विषयमा कला सिर्जना गर्दै इतिहास रच्ने मौका रहेको छ ।’

१५ दिनसम्म सञ्चालन हुने कार्यशालामा ३० कलाकारको सहभागिता रहेको छ ।

# लमजुङ दरबार पुनर्निर्माण अलपत्र

**लमजुङ–** समुद्र सतहदेखि एक हजार ४४५ मिटर उचाइमा अवस्थित लमजुङ दरबार पुनर्निर्माण एक वर्षदेखि अलपत्र छ । लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँसहरमा १६औं शताब्दीमा बनेको यस दरबारको पुनर्निर्माण १३ महिनादेखि अलपत्र भएको हो ।

पुरातत्त्व विभागले मौखिकरूपमा दुई वर्षमा सम्पन्न गर्ने गरी काम थालेकामा पाँच वर्ष पुग्दा पनि सम्पन्न नभएको स्थानीय बताउँछन् । स्थानीय सुरेश श्रेष्ठले भने, ‘हामीलाई दुई वर्षमा सक्ने भनेर दरबारको पुनर्निर्माण सुरु गरेको थियो । यतिका वर्ष हुँदा काम नै सम्पन्न हुनु त कता हो कता यस वर्षको बजेटको काम सुरु नै हुन सकेको छैन ।’

गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले दरबारको पुनर्निर्माण हुननसक्दा पटक-पटक पुरातत्त्व विभागलाई काम सुरु गर्न आग्रह गरेको बताए । तर विभागले जहिले सरकारले आवश्यक बजेट विनियोजन नभएकाले ढिलाइ हुने गरेको जानकारी दिने गरेको उनको भनाइ छ ।

पुरातत्त्व विभागका इञ्जिनियर गोविन्द अधिकारीले सो दरबारको पुनर्निर्माण गर्नका लागि पर्याप्त बजेट उपलब्ध नहुँदा बर्सेनि थोरैथोरै मात्र काम हुने गरेको जानकारी दिए । उनले भने, ‘यो आर्थिक वर्षमा देशमा भएको जेन-जी आन्दोलन, टेण्डर प्रक्रियालगायत विविध कारणले पुनर्निर्माण सुरु हुन ढिलाइ भएको हो ।

हाल टेण्डर आह्वान गरेर निर्माण कम्पनी छनोट गरिसकेको र चाँडै पुनर्निर्माण अघि बढ्ने उनको भनाइ छ । उनका अनुसार ए वान कम्पनी काठमाडौंले करिब ४२ लाख रूपैयाँमा ठेक्का प्राप्त गरेको छ ।

शाहवंशीय राज्यको उद्गमथलो हो लमजुङ । त्यसैको विरासत मानिन्छ लमजुङ दरबारलाई । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएको इतिहास छ ।

त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएका थिए । सो घटनापछि उनीहरूले कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनःकास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्मलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको दरबार परिसरको शिलालेखमा उल्लेख छ । *रासस*

# राप्ती नदीमा भेटिए १७ घडियालका गुँड

**चितवन (प्रस)–** राप्ती नदीमा १७ घडियाल गोहीको गुँड भेटिएको छ । चितवन राष्ट्रिय निकुञ्जले गत चैत १ गतेदेखि राप्ती नदीमा गोहीको गुँड खोज्ने काम सुरु गरेको थियो । सोही समयमा ती गुँड भेटिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार दुई जना बोटे समुदायका व्यक्तिलाई लगाएर गुँड खोजिएको हो । हरेक वर्ष चैतमा गुँड खोजेर वैशाखमा ती गुँडबाट अण्डा संकलन गरिन्छ । उनका अनुसार अण्डा संकलनको काम यही वैशाख १० गतेदेखि सुरु गरिने छ ।

उनले भने, ‘अहिले गुँड पहिचानको काम सकिएको छ । अब हामीले कुन-कुन गुँडबाट अण्डा निकाल्ने भन्ने छलफल गरेर अण्डा संकलन गर्छौं ।’ गुँडमा रहेका अण्डा संकलन गरी कार्यालयमा रहेको गोही प्रजनन केन्द्रमा लगेर बच्चा कोरल्ने प्रक्रिया सुरु गरिने उनले जानकारी दिए ।

यसअघिका वर्षहरूमा निकुञ्जले राप्ती र नारायणी नदीमा गोहीका गुँड खोज्ने काम गरे पनि यस वर्ष राप्ती नदीमा मात्र खोजिएको हो । निकुञ्जको प्रजनन केन्द्रमा गोहीको अण्डाबाट चल्ला निकालिए पछि ती चल्ला हुर्काएर पुनः नदीमा छोड्ने गरिन्छ ।

**मलेसियामा रोजगार** कम्पनी : LUCKY PLASTIC PRECISION MOULD SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340734 | चलानी नं. ६०२५४१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 13 | 6 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Guideline Recruitment Service Pvt.ltd. (K. D. Manpower Pvt. Ltd.)
Samakhusi, Kathmandu, Tel No. : 014389497 Mobile No.: 9822506451 (Basudev Sapkota)
E-mail : info@guidelinerecuitment.com, website: www.guidelinerecruitment.com.np
Govt. License 1061/073/074

**मलेसियामा रोजगार** कम्पनी : CLOVER PLASTIC SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340733 | चलानी नं. ६०२५४१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

**मलेसियामा रोजगार** कम्पनी : TEE AND TEE SONS FARM SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340688 | चलानी नं. ६०२५४१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 10 | 0 | 1700 | ६४,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT OVERSEAS PVT. LTD.
Govt. License No. 1016/068/69
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

**मलेसियामा शुन्य लागतको रोजगार !! FREE VISA !! FREE TICKET!!**

कम्पनी : S & J LUBRICANT SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340710 | चलानी नं. ६०२५४१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६३,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760, 4388035,
Bal Bahadur Thapa 9851059085, E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

**मलेसियामा रोजगार** कम्पनी : AZ FROZEN FOOD SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340740 | चलानी नं. ६०२५४१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख १५ गते (28th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

प्रभाव दैनिक

रूपशाला

## चलचित्र पत्रकार संघमा पुनः बलामी

चलचित्र पत्रकारहरूको साझा संस्था चलचित्र पत्रकार संघ नेपालको अध्यक्षमा पुनः समीर बलामी निर्वाचित भएका छन् । २७औं वार्षिक साधारणसभा तथा १०औं महाधिवेशनको उनको अध्यक्षतामा नयाँ कार्य समिति निर्वाचित भएको हो । संघको संगठन उपाध्यक्षमा रघुनाथ सापकोटा तथा कार्यक्रम उपाध्यक्षमा कुमार आचार्य, महिला उपाध्यक्षमा दीपज्योति थापा, महासचिवमा गोपिकृष्ण चापागाईं, खुल्लातर्फ सचिवमा मदन रिजाल, समावेशी सचिवमा मोहम्मद जालिम, कोषाध्यक्षमा मनिष अन्जान (दाहाल) तथा सह-कोषाध्यक्षमा अर्जुन गुरागाईं निर्वाचित भएका छन् । साथै सदस्यहरूमा युवर्ण पौडेल, रतनबहादुर चन्द, सोजना लोहार, सुशील नेपाल, दिनेश थापा, नविन चापागाईं, दीपराज क्षेत्री र सालिकराम न्यौपाने निर्वाचित भएका छन् ।



मंगलबार, ८ वैशाख २०८३ (Tuesday, 21 April 2026)

# 'सेक्मुरी'मा लुकेको कथा असार तेस्रो हेर्न पाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** लिम्बुनी फिल्म्स प्रोडक्शनको निर्माण रहेको लिम्बुजातिको संस्कार एवं संस्कृतिमा आधारिक चलचित्र 'सेक्मुरी' असारको तेस्रो साता रिलिज हुने भएको छ । हाल यो चलचित्रको प्राविधिक कार्य भैरहेको छ ।

निर्देशक सूर्यप्रकाश चेम्जोङको लेखक तथा निर्देशक रहेको चलचित्र 'सेक्मुरी'मा पूर्ण सेलिङ, चन्द्रकला नेम्बाङ, माया तामाङ, सुनाहाङ चेम्जोङ, मुनेन्द्र नेम्बाङ र युवराज चेम्जोङ निर्माता रहेका छन् भने रविनकुमार नाल्बो, घनेन्द्रराज फियाक, इन्दु लावती, पूर्ण तुम्बापो, एल.बी रहपाल, जानुका फियाक, तेजबहादुर चेम्जोङ, भेषराज चेम्जोङ, उदिप कुमार चेम्जोङ, सोम आङ्देम्बे, हरिश्चन्द्र लावती र अर्जुन तुम्रोकको सह निर्माण रहेको छ ।

लेखक/निर्देशक सूर्यप्रकाशका अनुसार 'सेक्मुरी'मा लिम्बू समुदायमा अकालमा हुने मृत्युलाई पृष्ठभूमि बनाइएको छ । उनले भने, 'हाम्रो जातिमा कसैको अकालमा मृत्यु भएमा परम्पराअनुसार अन्तिम संस्कार गर्ने चलन छैन । 'येबा' बोलाएर बाटो लगाइन्छ । त्यसको छुट्टै विधि हुन्छ । तर, अकालको मृत्यु पनि दुई प्रकारको हुन्छ- आत्महत्या र दुर्घटना । तर आत्महत्या र दुर्घटनालाई कतिपय मानिसहरूले एउटै दर्जामा राखेको पाइन्छ । जसले गर्दा दुर्घटनाबाट मृत्यु भएकाहरूको परम्परा अनुसार संस्कार नगर्ने चलन पनि छ ।'

उनले थपे, 'अर्को, कुरा आजकल व्यस्त जीवनशैली र परिवर्तित आधुनिक सोचका कारण कसैले व्यस्तताको बहाना गरेर त, कसैले जरुरी नठानेर परम्परादेखि चलिआएका यस्ता मृत्यु संस्कार छोट्याएर गर्ने वा आफ्नै तरिकाले विधि नपुर्याई गर्ने प्रचलन बढिरहेको छ । दुर्घटनाबाट मृत्यु भएकाहरूको पनि कल्चरअनुसार नै संस्कार गरौं र चलिआएको परम्परालाई जस्ताको तस्तै पालना गरौं भन्ने सन्देश दिनु नै चलचित्रको मूल उद्देश्य हो ।'

चलचित्रमा यासेली योङ्हाङको गीत, अशोक लोहरूङ राईको संगीत तथा राजेशपायल राई र सुनिता थेगिमको स्वर रहेको छ भने लक्ष्मी योङ्हाङ र नरेश वनेमले नायक/नायिकाको भूमिकामा अभिनय गरेका छन् । चलचित्रमा प्रेम सुब्बा, पूर्ण सेलिङ, पवि तेम्बे, सीता राई, मुना चेम्जोङ, सागर केरुङ, याम नेयोङ, माया तामाङ, इन्दु तुम्सा, अल्का चोङ्बाङ, उदय बेघा, यासेली योङ्हाङ, जानुका फियाक, रिया कन्दङवा, कोपिला चेम्जोङ, मिना नेम्बाङ लगायतका कलाकारको अभिनय रहेको छ । चलचित्रमा बाल कलाकारको भूमिकामा सन्जोग वनेमले अभिनय गरेका छन् ।

पूर्वी पहाडी जिल्ला इलाम, पाँचथर र ताप्लेजुङका विभिन्न रमणीय स्थानहरूमा छायाँकन गरिएको 'सेक्मुरी'मा युवराज राई (वीरबहादुर)को सिनेमाटोग्राफी, कृष्ण भण्डारीको सम्पादन, अशोक राईको पार्श्वसङ्गीत र निश्चल राईको कला निर्देशन रहेको छ ।

फिल्ममा सहनिर्देशकको रूपमा महेश्वर सम्बाहाम्फे र दिनेश माङ्मु र प्रोडक्शन भेषराज चेम्जोङ र ज्ञानु तुम्बाहम्फेले जिम्मेवारी सम्हालेका छन् । चलचित्र नेपाली भाषामा भएपनि कतै-कतै पात्रहरूले लिम्बु भाषा पनि बोल्ने छन् ।

पाँचथर, फाल्गुनन्द गाउँपालिकाका स्थायी बासिन्दा चेम्जोङ एक समयका चर्चित रंगकर्मी हुन् । डेढ दशकसम्म नाटक लेखन, निर्देशन र अभिनयमा क्रियाशील रहेका उनले यसअघि लिम्बु भाषाको चलचित्र 'माराम' (मूलबाटो) का साथै पेको सामा, सुनुयेनको वर्थ डे र सिवा खाहुन शीर्षकका ३ शर्ट मुभीको निर्देशन गरेका छन् ।

# मोतिराज र शान्तिश्रीको आवाजमा 'बिर्सुं कसरी' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नवराज गौतमको जीवन भोगाइमा आधारित मार्मिक लोकगीत 'बिर्सुं कसरी' सार्वजनिक भएको छ । सानुको सम्झनामा तयार गरिएको यस गीतले प्रेम, पीडा र बिछोडको गहिरो अनुभूति प्रस्तुत गरेको छ । गीतमा चर्चित गायक मोतिराज खनाल र लोकप्रिय गायिका शान्तिश्री परियारको सुमधुर स्वरले भावनालाई अझ सशक्त बनाएको छ ।

गीतको शब्द नवराज गौतमकै रहेको छ भने संगीत गायक मोतिराज खनालले तयार गरेका हुन् । संगीत संयोजन महेन्द्र भण्डारीले गरेका छन् । मारुनी डिजिटल रेकर्डिङ स्टुडियोमा तयार गरिएको यस गीतमा सुमन रानाले रेकर्डिङ र कुमार रानाले मिक्सिङको काम सम्हालेका छन् ।

गीतको म्युजिक भिडियोमा नवराज गौतमसँगै सरिता ढुंगाना, भगवान् भण्डारी, चन्दा बिडारी, कमला भुजेल, सागर गिरी, गीता खनाल, कृष्टीना शाह, सरिता कुवर, सिद्धार्थ कँडेल, साइब्रीना थिङ, बिक्रम थापा, लक्ष्मण खड्का लगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ । भिडियो निर्देशन देवेन्द्र कुँवरले गरेका छन् भने छायांकन दीपक गिरी र सम्पादन राजेश कुमारले गरेका छन् ।

यस गीतको कथावस्तु नवराज गौतमको वास्तविक जीवनमा घटेको एक दर्दनाक घटनामा आधारित रहेको छ । अत्यन्तै प्रेम गर्ने जोडी पारिवारिक दबाबका कारण छुट्टिन बाध्य हुन्छन् । परिस्थितिले असहनीय मोड लिँदा नवराजकी प्रेमिकाले अन्ततः जीवन त्याग्ने कठोर निर्णय गर्छिन्, जसले नवराजको जीवनमा कहिल्यै नमेटिने घाउ छोड्छ ।

उक्त पीडा, सम्झना र बिछोडको भावनालाई गीतमार्फत प्रस्तुत गरिएको छ । प्रेममा धनी-गरिब वा भौगोलिक विभाजनले अर्थ नराख्ने सन्देश पनि गीतले दिन खोजेको छ ।

अनुभवी कलाकारहरूको संयुक्त प्रयासमा तयार भएको यो गीतले दर्शक तथा श्रोताको मन छुने विश्वास गरिएको छ । गायक मोतिराज खनालले पनि यस गीतले श्रोताको मन जित्नेमा आफू विश्वस्त रहेको बताएका छन् ।



टी-२० अन्तर्राष्ट्रिय शृंखला

# सन्दीपको शानदार बलिङका बाबजुद नेपाल युएईसँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले युएईविरुद्धको पहिलो ट्वान्टी २० मा खराब प्रदर्शन गर्दै हार बेहोरेको छ । वर्षाको असरले १० ओभरमा झारिएको खेलमा युएईले ७८ रनको नयाँ लक्ष्य पाएको थियो । ७८ रनको सामान्य लक्ष्य युएईले ८.५ ओभरमा ४ विकेट गुमाएर पूरा गर्‍यो । युएईको जितमा कप्तान मोहम्मद वासिमले १५ बलमा ३३ सर्वाधिक रन बनाए ।

त्यस्तै अलीशान शरफुले १८ रन बनाए भने अक्षदिप नाथले अविजित १७ रन जोड्दै टोलीलाई जित दिलाए । नेपालका लागि सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गर्दै २ ओभरमा ८ रन खर्चेर ३ विकेट लिए । त्यस्तै कुशल मल्लले एक विकेट लिए ।

त्यसअघि टियु क्रिकेट मैदान काठमाडौंमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले १८.५ ओभरमा ८ विकेट गुमाएर १२२ रन बनाएको अवस्थामा वर्षा भए पछि खेल रोकिएको थियो । डकवर्थ लुइस पद्धती अनुसार १० ओभरमा छोट्याइएको खेलमा युएईले ७८ रनको लक्ष्य पाएको थियो ।

नेपालका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले ३५ बलमा सर्वाधिक ३२ रन बनाए । नेपालले सुरुवातदेखि राम्रो ब्याटिङ गर्न सकेको थिएन । पावर प्लेमा नै नेपालले ३ विकेट गुमाएको थियो ।

नेपालका लागि आसिफ शेखको अभावमा ओपनिङको अवसर पाएका अर्जुन साउद ११ बलमा १३ रन मात्र जोडेर आउट भए । नियमित ओपनर कुशल भुर्तेल ९ बलमा १६ रन बनाउँदै पेभिलियन फर्किए ।

सन्दीप जोराले ५ रन मात्र जोड्दा कुशल मल्ल १७ रनमा आउट भए । गुलशन झाको खराब ब्याटिङ १ रनमा नन्दन यादव लगातार २ छक्का सहित १३ रन बनाएर आउट भए । शेर मल्लले रनको खाता नखोलि आउट भए ।

युएईका लागि मोहम्मद जुहेबले ३, जुनैद्ध सिद्धिकीले २ तथा हैदर अलि र मोहम्मद अफ्रानले समान १ विकेट लिए । युएईले नेपाललाई पराजित गरेसँगै २ खेलको शृंखलामा १-० को अग्रता बनाएको छ । यी दुई टिमबीचको दोस्रो खेल आज (मंगलबार) हुनेछ ।

# डा. सुनारलाई अमेरिकामा अर्को सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय पार्कौर खेलाडी तथा विभिन्न विधामा गिनिज बुक अफ रेकर्डस्मा नाम लेखाउन सफल डा. दिनेश सुनारलाई न्यूयोर्कको तेस्रो कंग्रेसनल जिल्लाका प्रतिनिधि थोमस आर सुजीले 'विशेष कङ्ग्रेशनल रिकोग्नाइज' सम्मान प्रदान गरेका छन् । यो सम्मानले सन् २०२० देखि २०२५ सम्म संरा अमेरिकाका विभिन्न राज्यहरूमा उनले बनाएका कीर्तिमानी उपलब्धिहरूलाई कदर गर्दै प्रदान गरिएको हो ।

नेपालका डा. सुनारले अमेरिकामा बसेर यस अवधिमा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न प्रदर्शन, युवा प्रेरणा कार्यक्रम र सामाजिक स्वयंसेवामा सक्रिय सहभागिता जनाउँदै आएका छन् । दिनेश सुनारको यस प्रयासबाट नेपाल र अमेरिकाबीच बीच सकारात्मक सम्बन्ध निर्माण गर्न पनि महत्वपूर्ण भूमिका खेलेको छ । खेलमार्फत उनले सांस्कृतिक आदान-प्रदानलाई मजबुत बनाउँदै समाजमा सकारात्मक प्रभाव सिर्जना गरेका छन् ।

साथै, हाल उनी मानसिक स्वास्थ्यको सचेतना अभिवृद्धि गर्ने उद्देश्यले ब्रकलिन ब्रिजमा नयाँ विश्व कीर्तिमानको तयारीमा जुटिरहेका छन् । 'मेक अमेरिका फिट' अर्थात स्वस्थ्य अमेरिका बनाऔं भन्ने अभियानअन्तर्गत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्दै विश्व स्तरमा खेलको पहिचान बढाउने उनको लक्ष्य रहेको छ । विश्वभरका युवाहरूलाई फिटनेस, अनुशासन र सकारात्मक जीवनशैलीतर्फ प्रेरित गर्ने उद्देश्यले उनी भविष्यमा पार्कौर खेललाई ओलम्पिक खेलमा समावेश गराउने अभियानमा पनि सक्रिय रूपमा लागिरहेका छन् ।



विभिन्न खेलको कला प्रदर्शनमा २१ पटकका गिनिज वर्ल्ड रेकर्ड राख्न सफल दिनेश सुनारलाई केही समयअघि अमेरिकामा खेल विज्ञानमा मानार्थ विद्यावारिधि प्रदान गरिएको थियो । इन्टरनेशनल इन्टर्नशीप युनिभर्सिटीले हालै स्पोर्टस् साइन्स एण्ड ह्युमन पर्फमेन्समा मानार्थ विद्यावारिधि दिएको थियो । विश्वभर केबल असाधारण नेतृत्व र प्रेरणादायी योगदान दिने व्यक्तिहरूलाई प्रदान गरिने सो उपाधि अन्तरराष्ट्रिय रूपमा प्रशंसित पार्कर खेलाडी, उत्कृष्ट जिम्नास्ट, स्टन्ट कलाकार र सहनशीलताको विश्व दूतका रूपमा अन्तरराष्ट्रिय ख्याति कमाएका नेपालका डा सुनारले पहिलोपटक पाएका हुन् । सन् २०२५ मा विश्वभरबाट उनीसहित जम्मा चार जनालाई सो सम्मान प्रदान गरिएको थियो ।



भारतका प्रधानमन्त्री नरेन्द्र मोदी (दायाँ) र दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङ (दायाँ) नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा सोमबार भएको भेटघाटको क्रममा रूख रोप्दै । *तस्बिरः एएफपी*

# उत्तर कोरियाको क्लस्टर क्षेप्यास्त्र परीक्षण

**सियोल–** उत्तर कोरियाले आइतबार गरेको पछिल्लो क्षेप्यास्त्र परीक्षणमा क्लस्टर हतियार प्रयोग गरिएको केसिएनएले सोमबार पुष्टि गरेको छ । आणविक हतियार सम्पन्न उक्त देशले छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गर्दै आफ्नो नयाँ वारहेड क्षमताको परीक्षण गरेको जनाएको हो ।

कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार नेता किम जोङ उनको प्रत्यक्ष निगरानीमा गरिएको यो परीक्षणमा 'रणनीतिक ब्यालेस्टिक मिसाइलमा प्रयोग हुने क्लस्टर बम वारहेड र खण्डित माइन वारहेडको विशेषता र शक्तिको परीक्षण' गरिएको थियो । परीक्षण आइतबार सम्पन्न भएको बताइएको छ ।

उत्तर कोरियाले पछिल्ला हप्ताहरूमा ब्यालेस्टिक मिसाइल, एन्टी–वारसिप क्रुज मिसाइल तथा क्लस्टर हतियार प्रणालीसहित विभिन्न सैन्य परीक्षणहरू गर्दै आएको छ । यसले क्षेत्रीय सुरक्षा अवस्था थप तनावपूर्ण बनाएको अन्तर्राष्ट्रिय विश्लेषकहरूको भनाइ छ । दुवै कोरियाले सन् २००८ को क्लस्टर बमसम्बन्धी ओस्लो महासन्धिमा हस्ताक्षर नगरेको अवस्थामा यो परीक्षण भएको हो । दक्षिण कोरियाले भने उत्तरको पछिल्लो गतिविधिलाई 'उक्साहटपूर्ण' भन्दै तत्काल रोक्न आग्रह गरेको छ ।

केसिएनएका अनुसार परीक्षणमा ह्वासोङपो–११ ए सतहदेखि सतहमा प्रहार गर्न सकिने सामरिक ब्यालेस्टिक मिसाइल प्रयोग गरिएको थियो । पाँचवटा मिसाइल करिब १३६ किलोमिटर टाढाको टापु नजिकको लक्ष्य क्षेत्रमा प्रहार गरिएको र त्यसले १२.५ देखि १३ हेक्टर क्षेत्रफलमा अत्यधिक घनत्वका विष्फोट प्रभाव देखाएको जनाइएको छ ।

रिपोर्टअनुसार नेता किम जोङ उनले परीक्षणको नतिजाप्रति 'गहिरो सन्तुष्टि' व्यक्त गरेका छन् । उनले क्लस्टर वारहेड विकासले निश्चित लक्ष्य क्षेत्रमा उच्च घनत्वको प्रहार क्षमता र उच्च परिशुद्धता वृद्धि गर्ने बताए ।

विशेषज्ञहरूको विश्लेषणमा यो प्रणालीले बहुरकेट लञ्चर र छोटो दूरीका ब्यालेस्टिक मिसाइलबीचको प्राविधिक दूरी घटाउने उद्देश्य राखेको देखिन्छ । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका अनुसन्धानकर्ता होङ मिनका अनुसार यस्तो क्षमताले सियोल र अमेरिकी सैन्य अड्डाहरू उत्तर कोरियाको दायराभित्र अझ नजिक ल्याउन सक्छ ।

सियोल विश्वविद्यालयका प्राध्यापक याङ मू–जिनका अनुसार पछिल्ला परीक्षणहरूले उत्तर कोरियाले अगाडिको मोर्चाबाट प्रत्यक्ष प्रक्षेपण गर्न सकिने प्रणाली परिचालनको नजिक पुगेको संकेत गर्छ । यसले दक्षिण कोरिया र अमेरिकी अड्डाहरूमा तत्काल खतरा बढाउन सक्ने उनको मूल्यांकन छ ।

संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार सैनिक तैनाथ गरेको छ, जसले क्षेत्रीय सुरक्षा संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

यसैबीच, दक्षिण कोरियाले आइतबार उत्तर कोरियाको सिन्पो क्षेत्रबाट धेरै छोटो दूरीका ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरिएको पुष्टि गरेको छ । सियोलले अमेरिकासँग 'दृढ संयुक्त रक्षा स्थिति' कायम रहेको बताउँदै कुनै पनि उक्साहटको कडा जवाफ दिने चेतावनी दिएको छ । दक्षिण कोरियाली रक्षा मन्त्रालयले उत्तर कोरियालाई लगातार क्षेप्यास्त्र परीक्षण रोक्न आग्रह गर्दै यसले क्षेत्रीय तनाव बढाइरहेको जनाएको छ । साथै, शान्ति स्थापना प्रयासमा सहभागी हुन पनि आग्रह गरिएको छ ।

विश्लेषकहरूका अनुसार पछिल्ला परीक्षणहरूले उत्तर कोरियाले दक्षिण कोरियासँग सम्बन्ध सुधार गर्ने प्रयासलाई अस्वीकार गरेको संकेत गर्छ । केही महिनाअघि ड्रोनसम्बन्धी विवादपछि सम्बन्ध थप चिसिएको उल्लेख गरिएको छ । उत्तर कोरियाले संयुक्त राष्ट्रसंघका प्रतिबन्धहरूबीच लगातार हतियार विकास जारी राखेको छ । यसले ब्यालेस्टिक मिसाइल प्रविधि र आणविक कार्यक्रमसम्बन्धी प्रतिबन्धहरू बारम्बार उल्लंघन गर्दै आएको छ ।

यसअघि अप्रिल महिनामा किम जोङ उनले नौसेनाको युद्धपोतबाट प्रक्षेपण गरिएको क्रुज मिसाइल परीक्षणको निरीक्षण गरेका थिए । सो परीक्षण चो हयोन नामक पाँच हजार टन वर्गको युद्धपोत जहाजबाट गरिएको थियो, जुन गत वर्ष सञ्चालनमा आएको हो । उत्तर कोरियाले थप दुईवटा त्यस्तै वर्गका युद्धपोत निर्माण गरिरहेको छ । साथै, रूससँगको सैन्य सहकार्य बढ्दै गएको भन्दै विश्लेषकहरूले प्योङयाङले नौसैनिक आधुनिकीकरणलाई तीव्र बनाएको बताएका छन् ।

रिपोर्टअनुसार उत्तर कोरियाले युक्रेन युद्धमा रूसलाई समर्थन गर्न स्थल सेना र तोपखाना सहयोग पठाएको छ भने बदलामा मस्कोबाट सैन्य प्रविधि सहयोग प्राप्त गरिरहेको अनुमान गरिएको छ । *रासस/एएफपी*

# विदेशी एयरलाइन्सको उडान पुनः सुरु गर्दै कतार

**दोहा–** मध्यपूर्व युद्ध सुरु भएदेखि पहिलोपटक विदेशी एयरलाइन्सबाट उडानहरू आफ्नो मुख्य विमानस्थलमा अवतरण गर्न अनुमति दिन सुरु गर्न लागिएको कतारको उड्डयन प्राधिकरणले सोमबार जानकारी गराएको छ ।



कतार नागरिक उड्डयन प्राधिकरणले हमाद अन्तर्राष्ट्रिय विमानस्थल हुँदै कतारमा विदेशी एयरलाइन्सको उडान क्रमिकरूपमा सुरु गर्ने घोषणा गर्दै 'एयरमेन'लाई सूचना जारी गरेको छ । गत फेब्रुअरी २८ मा इरानमाथि अमेरिका र इजरायलले आक्रमण गरेपछि वासिङ्टन र तेहरानले दुई साताका लागि युद्धविराम घोषणा गरेका थिए ।

खाडी मुलुकहरूविरुद्ध इरानको प्रतिशोधात्मक ड्रोन र क्षेप्यास्त्र अभियानकाबीच कतारले आफ्नो हवाई क्षेत्र बन्द गर्‍यो र मार्च ७ मा केवल राष्ट्रिय ध्वजावाहक कतार एयरवेजको उडानका लागि मार्गप्रशस्त गर्दै सीमित यातायातका लागि आंशिकरूपमा उडान खुला गरेको थियो ।

कतारी उड्डयन प्राधिकरणले विदेशी एयरलाइन्सका लागि उडान पुनः खोल्ने निर्णय 'स्थितिको विस्तृत मूल्यांकनपछि गरेको' र 'सबैको सुरक्षा आफ्नो उच्च प्राथमिकतामा रहेको बताएको छ । *रासस/एएफपी*

# घरेलु हिंसामा आठ बालकको ज्यान गयो

**श्रेभपोर्ट (अमेरिका)–** संयुक्त राज्य अमेरिकाको लुइसियानामा आइतबार बिहान भएको भयावह घरेलु हिंसाको घटनाले सिंगो समुदायलाई स्तब्ध बनाएको छ । घटनामा एक व्यक्तिले आफ्नै परिवारका अधिकांश सदस्य रहेका आठ बालबालिकालाई गोली हानेर हत्या गरेका छन् । तीन फरक–फरक घरमा फैलिएको यो हिंसा पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा देशकै सबैभन्दा घातक सामूहिक गोलीकाण्डका रूपमा दर्ज भएको छ ।



प्रहरीका अनुसार ३१ वर्षीय शामार एल्किन्सले बिहानै तीन स्थानमा आक्रमण गरेका थिए । उनी घटनापछि कारज्याक (बलपूर्वक सवारी साधन कब्जा गर्ने) गरिएको गाडीमा भागेका थिए, तर प्रहरीले पछ्याउँदै जाँदा अन्ततः उनीमाथि गोली चलाएर नियन्त्रणमा लिएको थियो, जसका क्रममा उनको मृत्यु भयो । प्रहरी अधिकारी क्रिस बोर्डेलनका अनुसार संदिग्धले गाडीबाट बन्दुकसहित बाहिर निस्किएपछि प्रहरीलाई बल प्रयोग गर्न बाध्य बनाएको थियो ।

यस घटनामा तीनदेखि ११ वर्ष उमेर समूहका आठ बालबालिकाको ज्यान गएको क्याडो पारिश कोरोनर कार्यालयले पुष्टि गरेको छ । मृतकमध्ये तीन बालक र पाँच बालिका रहेका छन् । सात जना एकै परिवारका दाजुभाइ–दिदीबहिनी थिए भने एक जना उनीहरूको काकाका छोरा (भाइ) थिए । प्रहरीका अनुसार मारिएका आठमध्ये सात जना बालबालिका आक्रमणकारीकै सन्तान थिए ।

घटनामा दुई महिला गम्भीर घाइते भएका छन्, जसमध्ये एक जना मारिएका केही बालबालिकाकी आमा हुन् । स्थानीय सञ्चारमाध्यमका अनुसार उनीहरू दुवैको टाउकोमा गोली लागेको छ । एक महिलाले अनुहारमा गोली लागेपछि छिमेकीलाई खबर गरिन्, जसको आधारमा बिहान ५:०० देखि ५:३० बजेको बीचमा आपतकालीन सेवा ९११ मार्फत प्रहरी घटनास्थल पुगेको थियो ।

एएफपीका एक भिडियोग्राफरले घटनास्थलमा रहेको सानो दुईतले घरको सेतो ढोकामा पाँचवटा गोलीका प्वाल देखिएको जनाएका छन् । घरबाहिर स्थानीयवासीहरूले श्रद्धाञ्जलिस्वरूप फूलहरू राखेका थिए, जसले घटनाप्रति समुदायको पीडा झल्काउँछ ।

प्रहरीका अनुसार आक्रमणकारी दोस्रो घरमा पुगेका बेला त्यहाँ नौ बालबालिका रहेका थिए । तीमध्ये एक जना गम्भीर घाइते अवस्थामा बाँच्न सफल भएका छन् र अस्पतालमा उपचार भइरहेको छ । अनुसन्धान अधिकारीहरूले घटनाको कारण अझै स्पष्ट नभएको र तीनै स्थानबाट प्रमाण संकलन कार्य जारी रहेको बताएका छन् । प्रारम्भिकरूपमा यो घटना घरेलु विवादसँग सम्बन्धित रहेको अनुमान गरिएको छ ।

मृतक बालबालिकाको पहिचान जीवित रहेका उनीहरूका आमाले गरेका छन् । तीमध्ये जयला एल्किन्स (३), सायला एल्किन्स (५), कायला पुघ (६), लैला पुघ (७), मार्केडन पुघ (१०), सरियाह स्नो (११), खेदेरियन स्नो (६) र ब्रेलोन स्नो (५) रहेका छन् । प्रहरी अभिलेखअनुसार एल्किन्सलाई सन् २०१९ मा बन्दुकसम्बन्धी मुद्दामा पक्राउ गरिएको थियो र उनले दोष स्वीकार गरेका थिए । तर यसअघि घरेलु हिंसासम्बन्धी कुनै स्पष्ट रेकर्ड नरहेको जनाइएको छ ।

स्थानीय मेयर टम आर्सेनक्सले घटनालाई अत्यन्त पीडादायी र भयावह भन्दै बालबालिका नै निशाना बन्नु अत्यन्त दुःखद रहेको बताए । उनले समाजमा अझै पनि हिंसात्मक प्रवृत्ति विद्यमान रहेको उल्लेख गर्दै त्यसविरुद्ध सबैले मिलेर संघर्ष गर्नुपर्ने आवश्यकता औंल्याए ।

घटनास्थल नजिकै बस्ने ७२ वर्षीय फ्रेडी मोन्टगोमेरीले अघिल्लो दिनसम्म ती बालबालिका आँगनमा खेलिरहेको दृश्य सम्झँदै अचानक यस्तो घटना भएकोमा आफू स्तब्ध भएको बताए । उनले आइतबार बिहान प्रहरीलाई घरबाट शव निकाल्दै गरेको देखेको बताए ।

राजनीतिक नेतृत्वबाट पनि घटनाप्रति गहिरो दुःख व्यक्त गरिएको छ । लुइसियानाका सिनेटर बिल क्यासिडीले यसलाई 'भयानक हिंसा' भन्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरे । गभर्नर जेफ ल्याण्ड्रीले आफू हृदयविदारक अवस्थामा पुगेको बताए भने प्रतिनिधिसभाका सभामुख माइक जोनसनले यसलाई 'निरर्थक त्रासदी' का रूपमा टिप्पणी गरे ।

मेयर आर्सेनक्सले पत्रकार सम्मेलनमा भने, 'यो श्रेभपोर्टका लागि अत्यन्त दुःखद बिहान हो, र हामी सबै पीडित परिवारसँग शोकमा सहभागी छौं ।'

बन्दुकको पहुँच व्यापक रहेको अमेरिकामा यस्ता हिंसात्मक घटनाहरू बारम्बार दोहोरिने गरेका छन् । विकसित राष्ट्रहरूमध्ये बन्दुकसम्बन्धी मृत्युदर सबैभन्दा उच्च रहनु पनि यस घटनाले पुनः उजागर गरेको छ । *रासस/एएफपी*

# बोर्नियोमा भीषण आगलागी, हजारौं विस्थापित

**क्वालालम्पुर–** मलेसियाको बोर्नियो टापुको तटीय बस्तीमा आइतबार बिहान भएको भीषण आगलागीले ठूलो मानवीय संकट निम्त्याएको छ । समुद्रमाथि काठका खम्बामाथि बनाइएका घना घरहरूमा लागेको आगो तीव्र गतिमा फैलिँदा करिब एक हजार घर पूर्णरूपमा नष्ट भएका छन् भने नौ हजारभन्दा बढी बासिन्दा विस्थापित भएका छन् ।



अग्नि तथा उद्धार विभागका अनुसार आगलागी सबाह राज्यअन्तर्गत सन्दकन जिल्लाको एक तटीय 'पानी गाउँ' मा सुरु भएको थियो । काठ र अन्य ज्वलनशील सामग्रीबाट बनेका घरहरू एकआपसमा अत्यन्तै नजिक भएकाले आगो छिट्टै फैलिएको थियो । समुद्रमाथि खम्बामा उभ्याइएका संरचनाहरूमा फैलिएको आगो नियन्त्रण गर्न उद्धारकर्मीलाई निकै कठिनाइ परेको जनाइएको छ ।

अधिकारीहरूका अनुसार तीव्र हावा र घरहरूको घनत्वले आगो फैलिन झन् सहयोग पुगेको थियो । साथै, प्रभावित क्षेत्रमा पुग्ने बाटो साँघुरो हुनु र ज्वारभाटाको असरका कारण पानीको सतह घट्दा उद्धार तथा नियन्त्रण कार्यमा थप समस्या उत्पन्न भएको थियो । घटनामा हालसम्म कुनै मानवीय क्षतिको पुष्टि भएको छैन । तर हजारौं स्थानीयवासी आफ्नो बासस्थान गुमाएर विस्थापित भएका छन् र उनीहरूलाई अस्थायी शिविरमा सारिएको छ । स्थानीय प्रशासनले राहत तथा पुनःस्थापनाका लागि काम अघि बढाएको जनाएको छ ।

सबाह क्षेत्रमा पाइने यस्ता 'पानी गाउँ' हरू प्रायः गरिब तथा सीमान्तकृत समुदायको बसोबास क्षेत्र मानिन्छन् । समुद्रमाथि बनाइएका यी अनौपचारिक बस्तीहरूमा पूर्वाधारको अभाव, असुरक्षित आवास संरचना र भीडभाडका कारण आगलागीको जोखिम उच्च रहने गरेको छ । त्यहाँ बसोबास गर्ने धेरै मानिसहरू न्यून आय भएका, आदिवासी समुदायका वा औपचारिक नागरिकता नभएका व्यक्तिहरू हुने गर्छन् ।

स्थानीय गाउँ प्रमुख सरिफ हासिम सरिफ इटिङ्का अनुसार प्रारम्भिकरूपमा खाना पकाउने क्रममा लागेको आगो नियन्त्रणबाहिर गएको हुनसक्ने अनुमान गरिएको छ । यद्यपि, आगलागीको वास्तविक कारणबारे अनुसन्धान जारी रहेको अधिकारीहरूले बताएका छन् ।

प्रधानमन्त्री अनवर इब्राहिमले विस्थापित परिवारलाई केन्द्रमा राखेर संघीय र राज्यस्तरीय निकायहरूले राहत तथा उद्धार कार्य समन्वय गरिरहेको जानकारी दिए । उनले प्रभावितहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताए । *रासस/एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरुखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९९७०० | प्रति तोला - ० | प्रति तोला - ५१९० |

## ११० मेगावाटको दुधकोशी पाँचौं निर्माण हुने

**काठमाडौं (प्रस)–** सोलुखुम्बु जिल्लाको दुधकोशी नदीमा ११० मेगावाटको दुधकोशी पाँचौं जलविद्युत् आयोजना निर्माण हुने भएको छ। यहाँको माप्य दुधकोशी गाउँपालिका-२, ३, ४, ६ र ७ मा आयोजनास्थल रहनेगरी सो आयोजना प्रस्ताव गरिएको हो। आयोजनाको विद्युतगृह माप्य दुधकोशी गापा-४ काँकुखोला र दुधकोशी नदीको सङ्गमबाट ७३० मिटर माथि रहनेछ।

आयोजना निर्माण सम्पन्न भएपछि राष्ट्रिय प्रसारण प्रणालीमा ६१७.८६ गिगावाट घण्टा प्रतिवर्ष विद्युत् आपूर्ति हुनेछ। निर्माणको चरणमा ६० दक्ष, १५० अर्धदक्ष र ३५५ अदक्ष जनशक्तिले रोजगारी प्राप्त गर्नेछन्। विद्युत् विकास विभागले सो आयोजनालाई अर्ध जलाशययुक्त प्रकृतिमा निर्माणका लागि यसअघि नै सहमति प्रदान गरिसकेको छ। इन्डेपेन्डेन्ट पावर कम्पनी नेपालले सो आयोजना निर्माण गर्ने जनाइएको छ।

आयोजनाको यसअघि नदी प्रवाही आयोजनाका रूपमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार भएको भए पनि पछिल्लोपटक अर्धजलाशय प्रकृतिमा निर्माण गर्ने भएपछि पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्न लागिएको छ। वन तथा वातावरण मन्त्रालयले आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकनका लागि आवश्यक सुझाव उपलब्ध गराउन आग्रह गरेको छ।

आयोजनाको ग्रस हेड २३७.९ मिटर र रेटेड नेट हेड २२२.३ मिटर रहेको छ। आयोजनाको संरचना निर्माणका लागि २५.२८ हेक्टर सामुदायिक वन क्षेत्रबाट दुई हजार ४५९ वटा खोटेसल्ला, बाँझ, चिलाउने, उत्तिस, मौवा, मलाट, भलायो, जामुख आदि प्रजातिका रुख काट्नुपर्नेछ।

आयोजनाबाट उत्पादित बिजुली नयाँ खिम्ती सबस्टेशन देवीटार दोलखामा जोडिने आयोजनाले जनाएको छ। आयोजनाको कुल लागत १९ अर्ब ११ करोड रूपैयाँबराबर रहनेछ। प्रवर्द्धक कम्पनीका अनुसार प्रतिमेगावाट लागत २० करोड रूपैयाँबराबर रहेको छ। आयोजना पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

## कृषि बिमा, मल र बजारीकरण सुधारमा मन्त्री चौधरीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गीता चौधरीले कृषि क्षेत्रमा देखिएका समस्या समाधानका लागि परामर्श गरेकी छिन्।

सोमबार उनले केरा उत्पादक किसानसँगको भेट गरी केरा उत्पादन, बजारीकरण, मल आपूर्तिलगायत विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। मन्त्री चौधरीले किसानलाई कृषि क्षेत्रमा टिकिरहन बिमा, उत्पादन र बजार व्यवस्थापनमा समन्वयात्मक ढंगले काम गर्नुपर्नेमा जोड दिएको उनको सचिवालयले जनाएको छ।

छलफलमा मन्त्री चौधरीले नेपालमा उत्पादन हुने कृषि उपजलाई प्राथमिकता दिनुपर्ने र आपूर्ति व्यवस्थामा पारदर्शिता कायम गर्नुपर्नेमा जोड दिइन्। उनले विश्वबजारमा रासायनिक मलको अभाव देखिए पनि सरकारले यसको सहज आपूर्तिका लागि पहल गरिरहेको जानकारी दिइन्। 'अभावको बहानामा मूल्यवृद्धि गर्नु वैधानिक होइन, कालोबजारी नियन्त्रणमा सबैको सहयोग आवश्यक छ। त्यसका लागि सरकारले पनि आवश्यक सतर्कता अपनाइरहेको छ', उनले भनिन्।


किसानहरूले भने बिमा, मल आपूर्ति, बजारीकरण र नीतिगत समस्याबारे गुनासो राख्दै बिमा भुक्तानीमा ढिलाइ, 'प्रिमियम' तिरे पनि क्षतिपूर्ति नपाइएको, प्राकृतिक विपत्तिबाट भएको क्षतिको राहत नपाएकालगायत विषयमा ध्यानाकर्षण गराएका थिए। केराखेतीमा संलग्न किसानले सीमामा कडाइ, मल अभाव र बजारमूल्यमा अस्थिरताका कारण समस्या भोग्नुपरेको गुनासो गरेका थियो।

छलफलमा सहभागी कैलालीका किसान दीपेन्द्र थारुले किसानले लगानी गरे पनि उचित प्रतिफल नपाएको गुनासो गरेको बताए। चितवनका जनकराज पन्तले जग्गा व्यवस्थापन र नदी किनारमा बगरखेती प्रवर्द्धन गर्न सुझाव दिएका थिए।

किसानहरूले रु ५० लाखसम्मको लगानीमा ८० प्रतिशत बिमा सुविधा भए पनि भुक्तानी प्रक्रिया प्रभावकारी नभएको गुनासो गरेका थिए। एक वर्ष बित्दा पनि बिमा दाबी भुक्तानी नहुने समस्या रहेकाबारे जानकारी गराइएको थियो।

जवाफमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले बिमा प्रक्रियालाई सहज बनाउन पहल भइरहेको बताए। उनले मल आपूर्ति बढाउन, उत्पादन सुधारलगायत विषयमा मन्त्रालयले काम गरिरहेको जानकारी गराए।

## नेप्सेमा १३ अंकको गिरावट




**काठमाडौं (प्रस)–** यस साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ। सोमबार नेप्से परिसूचक १३ दशमलव १७ अंकले घटेर दुई हजार ८२५ दशमलव २३ बिन्दुमा कामय भएको हो।

तीन सय ४९ कम्पनीको एक करोड १६ लाख ५३ हजार ३७० कित्ता सेयर एक लाख १६ हजार ३१० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ४३ करोड ४२ लाख ४० हजार २७६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

नेप्सेले कुनै कम्पनीको सेयर मूल्यमा १० प्रतिशतको घटबढ हुँदा 'सर्किट ब्रेक' लाग्ने व्यवस्थालाई परिमार्जन गरी १५ प्रतिशत बनाएको छ। जसअनुसार सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, पाल्पा सिमेन्ट इन्डस्टिज लिमिटेड र शिखर पावर डेभलपमेन्ट लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ०१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।


शान्ति र सद्भाव कायम गरौं

- शान्ति, अहिंसा र करूणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत् सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कर्पोरेट

### सिटिजन्स बैंक २०औं वर्षमा




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड १९ वर्ष पूरा गरि २० बर्षमा प्रवेश गरेको छ। वार्षिकोत्सवको अवसरमा बैंकले विभिन्न कार्यक्रम आयोजना गरेको छ। अहिलेसम्म बैंकले २० लाख ११ हजार ग्राहक महानुभावहरूलाई वित्तीय सेवा प्रदान गर्न सफल भएको छ। सातवटै प्रदेशमा अवस्थित आफ्नै भवनमा प्रदेश कार्यालय संचालनका साथै २०० वटा शाखाहरू मार्फत चालु आर्थिक बर्षको तेस्रो त्रैमास सम्ममा बैंकले कूल निक्षेप करिव रु २ खर्व १६ अर्व संकलन गरी कर्जा तर्फ रु १ खर्व ७७ अर्व परिचालन गरेको छ।

बैंकले १९औं बार्षिकोत्सवको अवसरमा सोमबार सातवटै प्रदेशमा करिव ९४६ कर्मचारीहरूको सहभागितामा प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ। जसबाट जनमानसमा वित्तीय ज्ञानको समेत अभिमुखिकरण हुने अपेक्षा बैंकले लिएको छ।

साथै संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत बैंकले 'रक्तदान नै जिवनदान' भन्ने नारालाई सार्थक बनाउदै रगतको आवश्यकता र खड्किरहने अभावलाई केहि हद सम्म भए पनि पुरा होस् भन्ने अभिप्रायका साथ नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा सातवटै प्रदेशका कूल २० शाखाहरूबाट ५५० जना रक्तदाताको सहभागीतामा रक्तदान कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ। साथै यसै अवसरमा कोशी प्रदेश अन्तर्गत दिक्तेल शाखा, बागमती प्रदेश अन्तर्गत तेमाल शाखा र लाम्बगर शाखा, लुम्बिनी प्रदेश अन्तर्गत बेलाटारी शाखा र साउ फर्साटीकर शाखा, गण्डकी प्रदेश अन्तर्गत धारापानी शाखा र बेनी शाखा, कर्णाली प्रदेश अन्तर्गत जुफाल शाखा र सुदूरपश्चिम प्रदेश अन्तर्गत अमरगढी शाखाले निःशुल्क स्वास्थ्य शिविर समेत संचालन गरेका छन्। शिविरमा करीब ५०० जना सेवाग्राहीहरूले निःशुल्क स्वास्थ्य परीक्षण गराउनुका साथसाथै आवश्यक औषधीहरू समेत निःशुल्क प्राप्त गरेका छन्।

विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट २० लाख ११ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ।

### एनसेलको 'पहिलो सिम'मा एसइई दिएकालाई अनलाइन लर्निङ र गेमिङसुविधा

**काठमाडौं (प्रस)–** एनसेलले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका विद्यार्थीहरूका लागि आफ्नो विशेष अफर 'पहिलो सिम' संचालनमा ल्याएको छ। यो अफरमा विद्यार्थीहरूले कर सहित मात्र रु. ५० मा एनसेलको प्रिपेड सिम लिन सक्छन् र विभिन्न आकर्षक बन्डल सेवाहरूको फाइदा लिन सक्छन्।

विद्यार्थीहरूले 'पहिलो सिम' लिँदा आफ्नो रोजाइअनुसार एनसेल मोबाइल नम्बर छनोट गर्न पनि सक्छन्। यो पहिलो सिममा २ जीबी डाटा, सबै नेटवर्कमा कल गर्न मिल्ने ५० मिनेटको टक टाइमका साथै मेरो स्कुल र गेमिङ् प्रिमियर लिग (जीपीएल) मा २८ दिनका लागि निःशुल्क पहुँच पाइन्छ। मेरो स्कुल एक डिजिटल लर्निङ प्लेटफर्म हो जहाँ अनलाइन सिकाइका लागि पाठ्यक्रममा थुप्रै भिडिओ सामग्रीहरू उपलब्ध छन्। त्यसैगरी जीपीएल एक गेमिङ पोर्टल हो जहाँ एचटीएमएलमा आधारित विभिन्न खेलहरूको मजा लिन सकिन्छ।

पहिलो सिम प्रयोगकर्ताहरूले डिजिटल वालेट खल्तीमा पनि निःशुल्क पाउँछन्, जसको मतलब ग्राहकले खल्ती प्रयोग गर्दा कुनै डाटा शुल्क लाग्दैन। साथै, यो सिम लिएका ग्राहकहरूले रु. ५० वा सोभन्दा बढीको रिचार्ज गर्दा ७ दिनसम्म मान्य ५०० एमबी बोनस डाटासमेत पाउँछन्। एसइई दिएका विद्यार्थीहरूले देशभरका कुनै पनि एनसेल सेन्टरबाट सजिलै पहिलो सिम लिन सक्छन्। सिम लिनका लागि विद्यार्थीहरूले आफ्नो एसइईको प्रवेशपत्र र आफ्नो आमा वा बाबुको नागरिकताको फोटोकपी सहित नजिकको एनसेल सेन्टरमा जानु पर्दछ। आवश्यक प्रमाणीकरणपछि उनीहरूको सिम सक्रिय हुन्छ।

### नागरिक लगानी कोषको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स आबद्ध



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था आबद्ध भएको छ। सो सम्बन्धी समझदारी पत्र सोमबार कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालबीच हस्तान्तरण भएको हो।

६४ जिल्ला कार्यक्षेत्र रहेको यस लघुवित्तमा करिब पाँच सय कर्मचारी कार्यरत रहेका छन्। कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ। यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन्। सोही व्यवस्था अनुसार उक्त लघु वित्त वित्तीय संस्था कोषको उपदान योजनामा आबद्ध भएको हो। यसअघि पनि कोषसँग विभिन्न लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भइसकेका छन्।

कोषले २०५५ देखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत भएपछि भुक्तानी गर्ने गरिएको छ। यस योजनामा योगदानमा आधारित र गैर योगदनामा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ।

### कजारियाको नयाँ शोरूम इमाडोलमा



**ललितपुर (प्रस) –** सिरेमिक तथा भिट्रिफाइड टायल्स क्षेत्रमा विश्वव्यापी रूपमा परिचित अग्रणी कम्पनी कजारिया रमेश टायल्स लिमिटेडले रातामकै चोक, इमाडोल, ललितपुरमा नयाँ शोरुम उद्धाटन गर्दै नेपालमा आफ्नो उपस्थिति थप विस्तार गरेको छ। छाया हार्डवेयर एण्ड कन्स्ट्रक्सन प्रा. लि. द्वारा सञ्चालन हुने उक्त शोरुमको वैशाख ४ गते उद्घाटन गरिएको हो।

मिस नेपाल कोस्मो २०२५ दीपशिखा नेपाल समेत उपस्थित कार्यक्रममा कजारिया रमेश टायल्स लिमिटेडका कन्ट्री म्यानेजर अभ्यास तिवारीले शोरुमको उद्घाटन गरेका थिए। उद्घाटनपछि तिवारीले भने, 'हामी छाया हार्डवेयर एण्ड कन्स्ट्रक्सन प्रा. लि.सँगको सहकार्यमार्फत ललितपुरमा आफ्नो उपस्थिति विस्तार गर्न पाउँदा अत्यन्त खुसी छौं। उच्च गुणस्तरका तथा डिजाइन-केन्द्रित स्थानहरूको माग बढ्दै गइरहेको अवस्थामा, यो शोरुम केवल विक्री केन्द्र मात्र नभई ग्राहकहरूले प्रेरणा, नवप्रवर्तन र उत्कृष्ट टायल समाधानहरू अनुभव गर्न सक्ने गन्तव्यका रूपमा परिकल्पना गरिएको छ।'

नयाँ शोरुममा सिरेमिक तथा भिट्रिफाइड टायल्सको विस्तृत संग्रह प्रस्तुत गरिएको छ, जसमा आधुनिक डिजाइन, आकर्षक फिनिस तथा उच्च प्रदर्शनयुक्त समाधानहरू समावेश छन्, जुन आधुनिक वास्तुकला र आन्तरिक सजावटका आवश्यकताहरू अनुरूप तयार गरिएको छ।

### महालक्ष्मी विकास बैंकद्वारा अन्तरदेशीय क्युआर भुक्तानीका लागि युनियनपेसँग सहकार्य

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले आफ्नो फोनपे क्युआर मर्चेन्ट नेटवर्क मार्फत युनियनपे वालेट प्रयोगकर्ताबाट नेपाल भित्रै क्युआर कोड मार्फत भुक्तानी स्वीकार गर्ने सुविधाको शुरुवात गरेको छ।

यस प्रकारको सेवा युनियनपे इन्टरनेशनलसँगको सहकार्यमा फोनपे मार्फत लागू गरिएको हो। यस सुविधाको शुरुवातसँगै युनियनपे डिजिटल प्रयोगकर्ताले नेपालभरि रहेका महालक्ष्मी विकास बैंकका क्युआर मर्चेन्टहरूमा सजिलै क्युआर स्कयान गरी भुक्तानी गर्न सक्नेछन्। विशेष गरी चिन लगायतका विभिन्न देशबाट नेपाल आउने पर्यटकहरू यस सुविधाबाट लाभान्वित हुनेछन् भने यात्राको क्रममा नगद बोक्नु पर्ने बाध्यतालाई कम गर्नेछ। सन् २००२ मा स्थपना भएको युनियनपे विश्वका सबैभन्दा ठुला भुक्तानी सेवा प्रदायकहरू मध्ये एक हो जसको ९.६ अर्ब




भन्दा बढी कार्डहरू जारी भएका छन् भने १८० भन्दा बढी देश तथा क्षेत्रमा यसको स्वीकृती रहेको छ। यस सेवाको शुरुवातसँगै हाल नेपालमा प्रदान भईरहेको क्युआर पुर्वाधार अझ प्रभावकारी हुने विश्वास बैंकले लिएको छ। साथै बैंक डिजिटल नवप्रर्वद्धनलाई अझ सुरक्षित, प्रभावकारी तथा समावेशी बनाउन बैक प्रतिबद्ध रहेको छ।

### राममणि क्याम्पसमा लेखन प्रशिक्षण




**मणिग्राम (प्रस)–** रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसमा अनुसन्धान लेखन प्रशिक्षण सम्पन्न भएको छ। क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले सञ्चालन प्रशिक्षणमा एस्.पी.एस्.एस् सफ्टवेयर प्रयोग गरेर डेटा विश्लेषण र नतिजा लेखन सम्बन्धमा ५ दिनसम्म तालिम दिइएको थियो। विश्वविद्यालय अनुदान आयोगको सहयोगमा आयोजित प्रशिक्षणमा प्राध्यापकहरू: डा. अशोक भण्डारी, कृष्णकुमार रेग्मी, नोवराज तिवारी र राजेन्द्र थापामगरले प्रशिक्षण दिएका थिए। प्रशिक्षणमा आयोजक क्याम्पस राममणि सहित बुटवल कालिका क्याम्पस, पशुपति कलेज, महाकवि देवकोटा क्याम्पस लगायतमा अध्यापनरत प्राध्यापक समेतले भाग लिएका थिए।

अनुसन्धान एकाइका संयोजक डा. अशोक भण्डारीको अध्यक्षतामा आयोजित प्रशिक्षण समापन गर्दै क्याम्पस प्रमुख तारा प्रसाद पराजुलीले नवप्रवर्तन र अन्वेषणात्मक अभ्यासका लागि कार्यक्रम उपयोगी हुने उल्लेख गरे। उपप्राध्यापक कृष्णकुमार रेग्मीको सञ्चालनमा भएको कार्यक्रममा प्रशिक्षार्थीहरू साहस शर्मा घिमिरे, कविता भण्डारी, केशरचन्द्र भण्डारी लगायतले अनुसन्धानका आगामी तथ्यांक विश्लेषणका लागि आफूमा थप सीप विकाश भएको उल्लेख गरे।

त्यसअघि वैशाख २ गते प्रशिक्षण उद्घाटन गर्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुवकुमार धितालले वर्षैपिच्छे अनुसन्धान पत्रिका (जर्नल) प्रकाशन हुँदै आएकोमा गतवर्ष २ वटा राष्ट्रिय सेमीनारको अनुभवले वर्ष अन्तर्राष्ट्रिय सेमीनारको योजना बनेका उल्लेख गरे।

### एमएडब्लूको रेटिङ एलबिबिबी ए-३ मा

MAW HIRE PURCHASE
Flexible Finance for a Better Tomorrow

**काठमाडौं (प्रस)–** इक्रा नेपाल लिमिटेडले एमएडब्लू हायर पर्चेज प्राइभेट लिमिटेड (एमएलपीएल) को सुधारिएको वित्तीय प्रदर्शन र बलियो सम्पत्ति गुणस्तरलाई ध्यानमा राखी क्रेडिट रेटिङ्ग अपग्रेड गरेको छ। कम्पनीको दीर्घकालीन कर्जा रेटिङ्ग एलबीबी+ बाट बढाएर एलबिबिबी- गरिएको छ भने अल्पकालीन रेटिङ्ग ए४+ बाट सुधार भई ए३ पुगेको छ। यस रेटिङ्ग अपग्रेडले एमएचपीएलको समग्र क्रेडिट प्रोफाइल सुदृढ बनाउने दिशामा भएको निरन्तर प्रगतिलाई देखाउँछ। कम्पनीले विशेषगरी मोबाइल फोन फाइनान्सिङ्गको क्षेत्रमा राम्रो रिकभरी संयन्त्र र प्रविधिमा आधारित नियन्त्रण प्रणाली अपनाएका कारण सम्पत्ति गुणस्तरमा उल्लेखनीय सुधार गरेको छ।

एमएचपीएलले नाफा आर्जनको स्तर पनि सन्तुलित रूपमा कायम राखेको छ। कम्पनीको नेट इन्ट्रेस्ट मार्जिन स्थिर रहेको छ भने सञ्चालन खर्च नियन्त्रणमा राख्दा निरन्तर सञ्चालन नाफा कायम राख्न सहयोग पुगेको छ। साथै, कम्पनीले करिब ९६ प्रतिशतको बलियो प्रावधान कभरेज कायम राखेको छ, जसले वित्तीय स्थायित्व बढाउनुका साथै सम्भावित नोक्सानी वहन गर्ने क्षमता सुदृढ बनाएको छ। यसको कर्जा पोर्टफोलियो पनि विविध र स-साना खण्डमा विभाजित रहेको छ, जसमा मध्यम लोन-टु-भ्याल्यु अनुपातमा ध्यान दिइएकोले जोखिम न्यूनीकरणमा मद्दत पुगेको छ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ